पट्रिशा सेन्ट जोन

# ओनेसिमस र आइरीन्

## एक रोमाञ्चित प्रेमको उपन्यास

जीवन मार्ग प्रकाशन

**प्रकाशक:**

जीवन मार्ग प्रकाशन
पो. ओ. बक्स नं. २३
कालिम्पोङ्ग - ७३४ ३०१
पश्चिम बंगाल
भारत

संस्करण २०२५:  १‘००० प्रति

© जीवन मार्ग प्रकाशन

सर्वाधिकार प्रकाशकमा

अनुवादक: डा॰ युवाराज सिमखड़, काठमाडौं

Twice Freed © Patricia M. St. John, 1999 published by Christian Focus Publications Ltd, Geanies House, Fearn, Tain, Ross-shire, IV20 1TW, Great Britain

www.christianfocus.com

For more information visit our website at:
www.nbcinepal.org

# १

असारको शुरुतिरको कुरा हो; मध्य–दिन भएको थियो; खङ्ग्रङ्ग ओइलाएको संसार मस्त निद्रामा थियो। काला भेड़ाका बथानहरू, जसको खातिर यो बेंसी प्रख्यात थियो, पीपलका रूखहरूमनि खचाखच ठेस्सिए, अनि कटनी गर्ने खेतालाहरू मकैका ढोड़हरूको छायामा वा आफ्ना गाड़ाहरूमनि उकुसमुकुस उँघिरहेका थिए।

खर्कका मैदानभन्दा उच्चमा बसालिएका, पुगिसरी घरहरूमा फलिफाप गरिरहेका जमिनदार, खेतीवाल र ऊन–व्यापारीहरू आ–आफ्ना पलङमा मस्तसँग सुत्दैथे, जब तिनीहरूका दासहरू एउटा कान ठाड़ो पार्दै आँगनमा अङ्गुरका झाँगहरूमनि अप्ठ्यारो मान्दै भुइँमा ढल्किरहेथे। गिद्धहरूसमेत अलिकति पनि नहल्लीकन नीलो आकाशमा छ्याप्प टाँसिएझैं त्यत्तिकै नचलेर बसिरहे।

माथि खोचमा मात्रै, जहाँ सूर्यको रापले तातिरहेका चट्टानहरूको सतहमा हावा बहिरह्यो, त्यहाँ केही चल्यो। एउटा खैरो वर्णको बाह्र वर्षको केटो, जो कम्मरको कछाड़ र चप्पलहरूबाहेक अरू नाङ्गै थियो, एउटा जङ्गली बिरालोको फुर्ति र तोड़मा खोच उक्लिरहेको थियो। उसले न आफ्नो अनुहारबाट तलतिर भलभली बगिरहेको पसिनाको पर्वाह गर्‍यो, न ता ती चट्टानहरूको, जसले उसका हातहरूमा पिला उठाए; किनकि यो त उसको स्वतन्त्रताको क्षण थियो। सखारै झिसमिसेदेखि राति अबेरसम्म ऊ आफ्नो मालिकको निजी सम्पत्ति थियो, अनि बाहिरी रूपले उनको अधीनतामा बस्थ्यो; तर यस बखतमा भने ऊ आफ्नै मालिक थियो, जिइरहेको थियो, नयाँ ठाउँहरूहुँदो अघि बढ्दै तिनलाई जितिरहेको थियो र खुशीमा चुर्लुम्म डुबेको थियो।

यहाँ यी खोचहरूमा कुन कुराले उसको सामुन्ने टिक्न सक्थ्यो र? हिउँदमा हिउँका रासहरूहुँदो ऊ गोरेटाहरू खन्थ्यो, अनि वर्षामा ऊ झरना र छहराहरू अङ्कमाल गर्दथ्यो। गर्मीमा उग्र मध्यान्हको तापले उसलाई हतोत्साही पार्न सक्दैनथ्यो र एउटा आँखा घाममा अड्याउँदै ऊ उक्लिरह्यो; यतिखेर त्यो घाम उसको पश्चिमतिर थियो। उसलाई थाहा थियो, जब ऊदेखि मास्तिरको टाकुराको छाया तल जैतुनघारीको किनारानेर पुग्छ, तब ऊ घर फर्कनैपर्छ। तर त्यस ढलेको बूढो सल्लानेर पुग्न, जसले खोल्सालाई थुनेको थियो, र त्यसबाट अलि पर भएको नीलो दहमा डुबुल्की मार्न ऊसँग अझै समय थियो।

खोच साँघुरिँदैथियो, अनि सल्ला, बलिया-बलिया फलाट र धुपीहरूले खोल्सा-पारि आफ्ना छाया फ्याँके। खोलाको प्रवाह कलकलाउँदो मात्र थियो, तर पानी चिसो र ताजा थियो। उसले आफ्नो मुहारमा र शरीरमा पानी छ्याप्यो। उसलाई म दिनभर नै उकालो उक्लिरहन सक्छु जस्तो लाग्यो। ऊ जहिले पनि अझ पर जाने धोको साँच्दथ्यो - अनावा नामक तीतो, नुनिलो तालसम्म, जहाँ रुदिला-फूलहरू बढ्थे र लुकस-नदीको उद्गम थियो, अथवा कद्मस-पर्वतको हिउँसम्म नै; तर छाया जैतुनघारीतिर बढ्रिहेको थियो अनि उसका मालिक निद्राबाट उठ्न लागेका थिए होलान्। उसले सराप्यो, अनि पिच्च थुक्यो।

नीलो तलाउमा हतारमा पौड़ी खेल्न ऊसँग केही समय बाँकी नै थियो; त्यो तलाउ यति गहिरो थियो कि त्यो कहिल्यै सुक्दैनथियो। ऊ फटाफट माथि ढलेको रूखतिर लम्कियो, त्यसपछि त खड्ग्रङ्ग हुँदै हठात् रोकियो। उसको मुख आँको आँ नै भयो, अनि उसका आँखाहरू अनौठो अन्धविश्वासको संत्रासले तन्किए; किनकि एउटी सानी केटी त्यस ढलेको रूखमाथि बसेर आफ्ना खुट्टाहरू पानीमा डुबाउँदै मनमनै मधुर धुनमा गीत गाइरहेकी थिइन्।

तिनी त्यस्तै नौ-दस वर्ष जत्तिकी थिइन्, सानी र पातली थिइन्, नरम, कालो कपाल तिनको कम्मरसम्म लर्किएको थियो; तिनका गालाहरू गर्मीले राता भएका थिए र तिनको अँगालो तिनले खोलाको तिरतिरैबाट जम्मा गरेका फूलहरू - बुकी, सुनगाभा र जयन्ती फूलहरूले टन्न भरिएको

थियो। तिनी यति ध्यान–मग्न थिइन् कि त्यो केटो नजिकै आइरहेको सम्म तिनले चाल पाइनन्।

तिनी को थिइन्? तिनको लुगा महङ्गो कपड़ाको थियो, तिनका चप्पलहरू नयाँ र दामी थिए। तिनी खेल्दा पनि तिनको उठबस एउटी सानी रानीको जस्तो थियो। रूखको मुढ़ामा अड़ेसिँदै उसले तिनलाई आँखा गाढ ़ेर हेर्‍यो; किनभने तिनको अस्तित्व उसलाई अझ पक्का भएन। के तिनी महान् प्रकृति–माता सैबेलीकी छोरी हुन्, जसको काखमा सब मरेकाहरू चराका बच्चाहरू गुँड़मा फर्केझैं फर्कन्छन्? यसो हो भने त डराउनुपर्ने कुनै कारण थिएन; किनकि तिनी पक्कै पनि भूत नै थिइनन्। ऊ अलिक नजिक गयो; तब एउटा सानो हाँगा उसको खुट्टामनि कट्याक्क भाँचियो।

तिनले पुलुक्क हेरिन् र जुरुक्क उठ्न खोजिन्; तिनी अलिकति मात्र झस्केकी थिइन्, तर तिनलाई डर लागेको थिएन; किनभने तिनी एउटी ज्ञानी बालिका थिइन्, अनि तिनको लागि एउटा केटो एउटा केटो नै थियो। यसबाहेक ऊ एउटा असल केटा देखियो अनि भर्खरै तिनले के गरिरहेकी थिइन्, त्यसमा बिस्तारै डर महसुस गर्न थालेकी थिइन्।

'ए केटा, तिमी यहाँ के गर्दैछौ?' तिनले शुद्ध ग्रीकमा सोधिन्; 'मैले त सबै सुतिरहेको भन्ठानेकी।'

'तिमी के गरिराखेको?' ऊ मच्चिएर झर्कियो; किनकि अब उसलाई निश्चयता भयो – तिनी अरू केही थिइनन्, केवल एउटी मानव–केटी थिइन्। 'एउटी भर्खरकी केटीको निम्ति एक्लै माथि खोचमा बरालिँदै हिँड्नु त बाटो धेरै लामो भयो। अनि, तिमी को हौ नि?'

'म आइरीन् हुँ,' केटीले जवाफ दिइन्। कतिसम्म कुरा खोल्दा समस्या पर्दैन भनेर शङ्का गर्दै तिनले शब्दहरू अड्कल्दै बोलिन् र उसलाई गम्भीर भावले हेरिन्। अनि उसले पनि तिनलाई आँखा गाढ़ेर हेर्‍यो। घामका किरणहरू सल्लाका हाँगाहरूको बीचबाट तिनीमाथि खसिरहेका थिए; तिनी खोल्साका खण्डहरहरू–बीच एक्लै र सहाराविहीन थिइन्; अनि उसले तिनको सब नालीबेली थाहा पाउन र तिनको मन जित्न आश गरिरहेको थियो, अनि आवश्यक परेमा तिनको रक्षा गर्न ऊ तयार थियो।

'तर तिम्रो घर कहाँ हो नि, आइरीन्? मैले त तिमीलाई कलस्सेका साना केटीहरूसँग खेलेको कहिल्यै देखिनँ।'

'म लओडिसियामा बस्छु,' अझै चनाखो हुँदै, अझै धक मान्दै तिनले जवाफ दिइन्।

'लओडिसियामा!' अचम्ममा अड्किँदै उसले दोहोऱ्यायो; किनभने लओडिसिया बेंसी काटेर दस माइल टाढ़ामा थियो। 'पक्कै पनि तिमी एक्लै यहाँ आएनौ; अनि के कसैले पनि तिमीलाई खोज्दैनन्?'

'हो, उनीहरूले खोज्नेछन्।' अचानक हर्षले तिनका आँखाहरू उज्ज्वल भए, अनि तिनका कति गोप्य कुराहरू ओइरिँदै आए। 'मेरो बारेमा उनीहरूलाई छटपटी भइरहेको होला। आज बिहान मेरा बुवासँग म यहाँ आएँ। उहाँ खोस्टाहरू बनाउनुहुन्छ, अनि उहाँ मालिक फिलेमोनसँग ऊनको विषयमा कुरा गर्न आउनुभयो। तर उनीहरू सँगै भान्सा गर्न गए, अनि म मेरी सुसारे र नोकरहरूको साथमा छोड़िएँ। मेरी सुसारे फिलेमोनका दासहरूसँग गफ गर्न थाली, अनि उसले मैले सुनेको रुचाइन; तब उसले मलाई केही खानेकुरा दिएर मलाई बाहिर दाखबारीतिर जान अह्राई। तर दाखबारीहुँदो गर्नु नै के थियो र? खोचहरूको शिरमा के रहेछ त, सो उक्लेर हेर्न मैले मन गरें; यसकारण म भागें। ठीक यहाँसम्म म उक्लें, अनि म अझै अघि जानेथिएँ, तर यस नीलो पोखरीले मलाई अल्झायो।'

'तर तिमीलाई डर लागेन, यति माथि, अनि एक्लै?'

'अहँ,' उल्लसित हुँदै आइरीन्ले जवाफ दिइन्; 'म एक्लै हुन रुचाउँछु; मेरी सुसारेदेखि मलाई वाक्क लागेको छ। ऊ मेरा बुवासँग यति साह्रो तर्सिन्छे कि घरमा उसले एकक्षण पनि आफ्ना आँखा मदेखि हटाएर झिमिक्क पनि गर्दिन। मैले चिल्लाउन नपरेसम्म आइरीन्, यहाँ आऊ! आइरीन्, त्यो गर! दिनभरि नै किन मैले उसलाई जे मन लाग्छ, त्यही गर्नुपर्छ र उसले मलाई जहाँ लान्छे, त्यहाँ जानुपर्छ र? जहिले पनि तिमीलाई जे अह्राइएको छ, त्यो गर्नको बदलीमा के तिमी कहिल्यै सबैबाट स्वतन्त्र भएर तिमीलाई जे मन लाग्छ, त्यही गर्न मन लाग्दैन?'

केटो गल्ल हाँस्यो। यहाँ नै वास्तवमा एउटा मनकारी आफन्त रहेछ। 'हो,' उसले जवाफ दियो; 'साँच्ची नै मन लाग्छ। यसैले त म

भिरालो खोल्सामाथि आएको; सबैदेखि टाढ़ा भएर मलाई जे मन लाग्छ, त्यो गर्न। कहिलेकहीं त, जति बेला मलाई फुर्सद हुन्छ, म तलाउहरू पौड़ेर पार गर्छु र चट्टानहरूहुँदो माथि–माथि चीलहरू बस्ने ठाउँसम्म जान्छु। एकदिन म अझै पर जान्छु। एकदिन म खोलाखोलै भएर त्यसको मुहानसम्मै जानेछु। एकदिन म टाकुराको टुप्पामाथि नै चढ्नेछु अनि फ्रिगियाको सम्पूर्ण भूभाग र पश्चिमतिर समुद्रसम्म नियाल्नेछु। अनि त्यसपछि एकदिन म समुद्र पार गर्नेछु। उनीहरू भन्छन्: ग्रीस–देश नै संसारमा सबभन्दा सुन्दर छ रे।'

ऊ टक्क अड़ियो, उसको गन्थनमा झसङ्ग भयो; किनकि प्राय: ऊ आफ्ना आशाहरू कसैलाई नभनी आफैमा लुकाइराख्थ्यो। उसका विचारहरू झट्टै उसको छेवैकी सानी प्राणीतिर ओर्ले, जो उसलाई ट्वाल्ल परेर हेर्दै बसेकी थिइन्; तिनका आँखाहरू चम्किरहेका थिए, तिनी उसका दर्शनहरूमा सहभागी भइन्।

'तिमी घर जानैपर्छ,' उसले भन्यो; 'तिम्री सुसारेको मगजै खुस्किसक्यो होला। अनि तिम्री आमाको बारेमा के छ नि? तिमीले उहाँलाई लओडिसियामा नै छोड़्यौ?'

बालिकाको मुहारमा एउटा झस्को सलबसायो। 'दुई वर्षअघि उहाँ मर्नुभयो,' तिनले सरल पाराले जवाफ दिइन्; 'जति बेला उहाँ हुनुहुन्थ्यो, त्यति बेला कुरा फरक थियो। उहाँले मलाई सधैंभरि हेरिरहनुहुँदैनथ्यो। उहाँले मलाई खेल्न, फूलहरू टिप्न अनि जहाँ मलाई मन लाग्थ्यो, त्यहाँ जान दिनुहुन्थ्यो। जबसम्म उहाँ हुनुहुन्थ्यो, म स्वतन्त्र थिएँ।'

'सँगै खेल्नलाई तिम्रा दाजुभाइ, दिदीबहिनीहरू छैनन्?'

'अहँ, म मात्रै हुँ। मेरा बुवा भन्नुहुन्छ: उहाँको सब थोक र उहाँको लागि अति बहुमूल्य म नै हुँ; यसैले मेरी सुसारे मलाई हेर्न छोड़िदिने आँटै कहिल्यै गर्दिन। मेरा बुवा साह्रै व्यस्त हुनुहुन्छ, जहिले पनि तल तानहरू जाँच्न वा ऊन हेर्न जानुहुन्छ, अथवा तल एफेसस वा मिलेटसमा आफ्ना सह–व्यापारीहरूसँग यात्रा गर्नुहुन्छ। कहिलेकहीं त मलाई लाग्छ, उहाँ मेरो विषयमा सब भुल्नुहुन्छ।'

'उहाँले त्यसो गर्नुहोला जस्तो मलाई लाग्दैन,' ढाड़स दिँदै केटाले भन्यो। 'आऊ आइरीन्, अब हामी घर जानैपर्छ, अहिले नै। त्यसरी

खुट्टा पसारेर त्यो हाँगा नाघेर तिमीले यो ठूलो ढुङ्गा भेट्नेछौ। अब तल अर्कोचाहिँमा टेक र खोलाको धापमा आऊ! त्यहाँ हिँड्न सजिलो होला। तिम्रा लुगा कम्मरसम्म सुर्काऊ, अनि मेरो हात समाऊ! अब मैले जस्तै गरी एउटा ढुङ्गाबाट अर्को ढुङ्गामाथि हाम फाल! अनि हामी झट्टै तल पुग्नेछौं।'

अत्यास मान्दै उसले आफ्नै तलतिरका छायाहरूतिर आँखा तन्कायो। अघि नै आधाजस्तो जैतुनको झाड़ीमाथि सियाँल परेको थियो। उसलाई निक्कै अबेर भइसकेको थियो, अनि उसका मालिक फिलेमोनकहाँ एकजना विशेष पाहुना थिए र उनी एक घण्टाअघिदेखि चिच्याउँदै उसलाई खोजेका थिए होलान्। आफ्ना मालिकको घरमा के-के भइराखेको थियो, उसलाई अत्तोपत्तो थिएन। किनकि उँभो त्यस बेंसीमा, टाढ़ाको खर्कमा भेड़ा गोठालाहरूलाई खबर पुऱ्याउन उसलाई सबेरै पठाइएको थियो, र फिलेमोनको दिउँदोको नीद सिद्धिने बेलाभन्दा अघि फर्केर आउने आशा गरेका थिएनन्। शायद उसले बगालहरूलाई भेट्टाउनै मुस्किल भएको कथा अज्माउन सक्थ्यो। त्यसरी मालिकले तलाश गर्दा उसले चुटाइ ढिलो खानुपर्नेथियो; ऊ यसमा अभ्यस्त भइसकेको थियो। जस्तो भए पनि त्यो त्यति ठूलो कुरा थिएन। अहिले फुर्तिली, सानी फुच्चीमा उसको चासो थिइन्, जसले उसको हात बलियोसँग समातिन् र खोलाको एक धारबाट अर्को धारमा नाघ्दै गर्दा तिनको खुट्टा छलियो भने लाजै नमानी हल्ल हाँसिन्। तिनलाई उसले तिनको सुसारेकहाँ सुरक्षित र चोटपटकबिना सुम्पनैपर्छ।

अनि बिदा लिनु कसरी? तिनी परिन् लओडिसियाको धनाढ्य महाजनकी एउटै मात्र छोरी, अनि ऊ पऱ्यो कलस्सेको एउटा गरिब दास। बिदा लिनुमा उसको मनले किन त्यति साह्रै आलटाल गर्नुपर्छ? उनीहरू करिब-करिब अब खोचको मुखमा पुगेका थिए; अनि एउटा अग्लो बगरको ढुङ्गाबाट तल झर्न तिनलाई सघाउन ऊ नजिकै पुग्यो; तर उसले तिनलाई समात्नुअघि उसको पछिल्तिर कानै खाने चीत्कारले ऊ खङ्ग्रङ्ग भयो। अनि आफ्नो अनुहार झट्टै फर्काउँदा उसले झनन हुने गरी गालामा चड़कन पायो; सुसारे बौलाहीझैं चिच्च्याउँदै ती केटीतिर आफ्नो

अँगालो फैलाउँदै गर्दा उसले एउटा बलियो जवान नोकरबाट दुई चड्कन पायो।

'ओहो, आइरीन् मैयाँ, आइरीन् मैयाँ, तपाईं निष्ठुरी नानी!' भन्दै सुसारे ठूलो स्वरले कराउन थाली; 'कसरी तपाईं मैले भनेको नमानेर त्यस दुष्ट, दुष्ट केटोसँग भाग्ने आँट गर्नुभएको? ओहो, आइरीन् मैयाँ, मैले जहाँ तपाईंलाई बस्नू भनेको थिएँ, दाखबारीहुँदो खोज्दा–खोज्दै झन्डै मेरो त दिमागै खुस्केको। एउटा नीच नोकरको कुरा मात्र र तपाईंको दुःखी सुसारेलाई छाड़ेर भाग्न तपाईंले कसरी सक्नुभो? ओहो, त्यसलाई अझै पिट्, मिनान्दर, त्यसको सासै निकालिदे!'

मिनान्दरले यस केटालाई च्याप्प समात्दै के ख्याल गर्‍यो भने उसले न जोड़का तोड़ गर्‍यो, न कुनै उम्कने प्रयास नै। त्यसले उसलाई ठटाउन फेरि आफ्नो हात उठायो, तर अचानक क्रोधको चीत्कार सुनेर त्यो रोकियो। आइरीन् बगरको ढुङ्गामाथि एउटा सानो थर्काउने रिसाहाझैं सान दिँदै उभिइन्; तिनका आँखाहरू जोशले बलिरहेका थिए, र तिनी क्रोधले काँप्दैथिइन्। 'तुरुन्तै उसलाई जान दे, मिनान्दर,' तिनी चिच्च्याइन्। 'झट्टै मैले भनेको गर्छस् कि म तेरो कुरा मेरा बुवालाई भनिदिऊँ! यस असल केटालाई तँ कसरी हिर्काउने आँट गर्छस्?'

एकाएक तिनले थर्काउने रिसलाई छाड़िन् र आँसुहरूमा डुबिन्, एक त्रासित, चोट लागेकी सानी केटी, जसको रमाइलो दिन छताछुल्ल भएको थियो। आफ्नी सुसारेलाई एकतिर लात मार्दै तिनी आफैले त्यस बगरको ढुङ्गाबाट तल झरिन् र यस केटोको छेउमा खड़ा भइन्।

मिनान्दरले केटालाई छाड़िदियो। त्यसलाई आफ्नी सानी मालिकनीको रिसको ताजा डर थियो।

'अहिलेसम्म म हराएको के मेरा बुवालाई थाहा छ?' बलै सुँक्क–सुँक्क गर्दै आइरीन्ले सोधिन्। आँसुहरू तिनका गालाहरूमा बगिरहेका थिए, तर तिनको पूरा उचाइमा तिनले आफैलाई तनक्क माथि तन्काएकी थिइन् र आफ्नो शिर ठाड़ो पारेकी थिइन्।

'अहँ, आइरीन् मैयाँ,' सुसारेले भनी; 'उहाँ अझैसम्म व्यापारकै गफ गर्दै हुनुहुन्छ, तर अब उहाँले जुनै बेला पनि तपाईंलाई बोलाउनुहुनेछ। म विन्ती गर्छु, तपाईं छिट्टो फर्की आउनुहोस्!'

‘यस केटाको विषयमा तिमी कुनै खराब कुरा गर्छौ भने म फर्केर आउँदिनँ,’ आइरीन्ले जिद्दी गरिन्; ‘म यहीं बस्नेछु र हराउनेछु, अनि मेरा बुवा म हराएकोमा तिमीहरू दुवैजनासँग बेसरी रिसाउनुहुनेछ। जब म उहाँलाई भन्नेछु, तब उहाँले शायद तिमीहरू दुवैलाई सजाय दिनुहुनेछ।’

हो, यो कुरा धेरै सम्भव थियो। गहभरि आँसु पार्दै सुसारेले विन्तीभाऊ गर्न थाली। मिनान्दरले आफ्नो टाउको कन्यायो। यस केटाले सोझै तिनको अनुहारमा हेर्‍यो।

‘घर आऊ, आइरीन्,’ उसले बिस्तारै बोलायो; ‘अब म आफ्नो काममा जानुपर्छ, तर मैले तिम्रो बुवालाई भेटें भने तिमीहरू सबैजना आउँदैछौ भनेर भन्नेछु।’ यस केटाले तिनको हात समाएर तिनलाई आखिरी खस्रो चट्टान पार गर्नुमा सहायता गर्‍यो। अप्ठ्यारो मात्रै मिनान्दरले आफैलाई मुस्किलले संयममा राख्यो।

‘मैयाँ,’ उत्तेजित सुसारेले हुच्क्याई; ‘एउटा दास ...’

‘ऊ जे भए पनि मलाई मतलब छैन,’ आइरीन्ले जिद्दी गरिन्; ‘ऊ एउटा केटा हो, र उसले मलाई सहायता गर्‍यो। नमस्ते, हे केटा, अनि धन्यवाद! एकदिन हामी फेरि भेट्नेछौं।’

‘कदापि यस्तो नहोस्’ मिनान्दर मुरमुरियो; तर यस केटाले कुनै वास्ता गरेन। ऊ फरक्क फर्केर सोझै आइरीन्तिर हेर्‍यो र तिनीसँग मात्रै बोलेर एउटा कार्यकारी सम्झौता स्थापित गर्‍यो। ‘हो,’ उसले भन्यो, ‘एकदिन हामी फेरि भेट्नेछौं।’

# २

जैतुनका भिराला पाखाका बारीहरूहुँदो ऊ हतारियो र स्वाँ–स्वाँ गर्दै आफ्ना मालिकको घरमा आइपुग्यो। ऊ फिलेमोनको दास हो भन्ने कुरा आइरीन्ले थाहा पाएको ऊ चाहँदैनथ्यो, तर के गर्ने ? यो सब त छिनोफानो भइसकेको थियो। जहिले पनि यो कुरा चाल पाइन्थ्यो नै – उसले एकाएक विचार गर्‍यो। आफ्नो दासत्व छल्ने कुनै ठाउँ नै थिएन। यसो भए पनि यस कुराले कुनै फरक पारेको थिएन। सारा कुरा थाहा पाएर पनि तिनले उसको पक्ष लिएकी थिइन्, र अझै तिनले उसलाई फेरि भेट्न चाहन्थिन्; यस कुराले उसको अन्तर–मन धप्प भयो। त्यस भावनाले आफ्नो रन्किरहेका गालाहरूका डाम बिर्सन वाध्य बनाएको थियो। साँच्चै भन्ने हो भने जब ऊ सास थाम्दै आफ्ना मालिकको घरमा फुत्त पस्यो र फिलेमोनका जवान छोरा अर्खिपसको सामना गर्‍यो, त्यतिखेर मात्रै उसले ती सम्झ्यो।

'तिमीले ढिलो गर्‍यौ, ओनेसिमस,' तीखो स्वरमा अर्खिपसले भने; 'मेरा बुवा तिमीलाई बोलाउँदै हुनुहुन्छ। उहाँको एकजना पाहुना हुनुहुन्छ, अनि उहाँहरूले दिउँसोको झप्कीबाट उठेपछि तिमीले दाखमद्य ल्याएको उहाँ चाहनुहुन्थ्यो। उहाँ तिमीसँग साह्रै नाराज हुनुभएको छ। तिमी कहाँ थियौ ? अनि कसले तिम्रो अनुहारमा चड्कन लगायो ?'

'म तल भेड़ा–खर्कहरूमा थिएँ,' आशाको संचार गर्दै ओनेसिमस बोल्यो; 'ती गोठालाहरूलाई भेट्टाउन निक्कै बेर लाग्यो। बथानहरूलाई पानी खुवाउन तिनीहरू तल खोलामा गएका रहेछन्।'

'फटाहा!' धिक्कार भावले अर्खिपस बोले; 'मध्यान्हपछि छिट्टै तिमी खर्कहरूबाट फर्किसकेका थियौ। दासहरूमध्ये एकजनाले धेरै घण्टाअघि

नै तिम्रा ती रमाइला खोचहरूहुँदो तिमी उँभो उक्लिरहेको देखेको थियो र मेरा बुवालाई यो थाहा छ; यसकारण उहाँसँग यो कथा अज्माउने आँट नगर!'

यो त्यस्तै दुई–तीन वर्षअघिको कुरा थियो होला, ओनेसिमस र अर्खिपस सँगै खोचहरूहुँदो उक्लेका थिए। अनि स्कूल छाड़ेपछि अर्खिपस मालिक र दासको बीचमा हुनुपर्ने नयाँ सम्बन्ध स्थापित गर्न ताल्लिन थिए भने ओनेसिमस त्यसलाई मन नपराउन ताल्लिन थियो। ता पनि उनीहरूको बीचमा एउटा गहिरो सम्बन्ध रहेको थियो। बालककालमा अर्खिपसले दासहरूका टहराहरूमा जाँतो हेर्दै, कोइला फुक्दै, चर्खा पर्खिरहेको काला भेड़ाको ऊनका रासहरूमनि घुस्रँदै धेरै समय बिताएका थिए। दुवै सँगै मिलेर खोलाका ढापहरूभित्र सब पत्ता लगाउँथे, त्यहीं बाँध बाँधेर पोखरी बनाउँथे, अनि कुन–कुन चराहरूले कुन–कुन ठाउँमा आफ्ना गुँड़हरू बनाएका थिए र स्यालहरूले आफ्ना बच्चाहरू कहाँ, कुन दुलामा बियाएका थिए आदि रहस्यहरू बाँड़चुड़ गर्थे अनि सँगै ब्वाँसा र भालूहरूका पदचापहरूलाई पछ्याउँथे। ओनेसिमसले अर्खिपसलाई घृणा गर्थ्यो; यसको खातिर उसलाई शर्म लाग्यो; किनभने बिगतमा त अर्खिपस उसको असल मित्र थिए। अर्खिपसले ओनेसिमसलाई माया गर्थे, र तिनले पनि यसमा लाज माने। एउटा दासलाई प्रेम गर्नु – यो पुरुषार्थ नभएको दुर्बलता गनिन्थ्यो।

'ती पाहुना को हुनुहुन्छ?' हतार–हतार आफ्ना हात र पाखुराहरूको माटो पुछ्दै अनि एउटा सफा कमिज पहिर्‍याउँदै ओनेसिमसले प्रश्न गर्‍यो। 'लओडिसियाका पोलेमोन,' प्रभावी भावमा अर्खिपसले जवाफ दिए; 'उहाँ त्यस शहरकै सबभन्दा धनी खाष्टो निर्माता हुनुहुन्छ; अनि उहाँले हाम्रो ऊन किन्ने निर्णय गर्नुभएको छ। उहाँ आज बिहान हाम्रा बगालहरू हेर्न र ऊनका नमुनाहरू लैजान आउनुभएको हो। उहाँले आफ्ना अरू समकक्षी व्यापारीहरूकहाँ समेत हाम्रो ऊन देखाउनुहुन्छ होला। यसको मतलब: म पछि एफेससको एउटा यात्रा गर्नुपर्छ।'

ओनेसिमस, आफ्नो कम्मर कस्दै कुनै उत्तर दिएन। अलिक धक मान्दै ऊ चोकमा अथवा घरको मूल–मझेरीमा प्रवेश गर्‍यो र आफ्ना

मालिकको सामु खड़ा भयो। के हुने होला भनी हेर्न अर्खिपस अति इच्छुक भई उसको पछि लुसुक्क लम्केर आफ्ना बुवाको चरणमा बसे।

फिलेमोन र उनका पाहुना सोफाहरूमा दाखमद्यको चुस्की लगाउँदै अनि उत्सुकतापूर्वक कुरा गर्दै ढल्केका थिए। यो एउटा सुन्दर आँगन थियो; एउटा बूढ़ो दाखको बोटले छाया दिएको थियो; त्यसका लहराहरू थाम्ने मचानबाट झुप्पैझुप्पाहरू लर्किएका थिए। भुइँचाहिँ ग्रीक शैलीमा रङ्गिन संगमर्मरका मसिना टुक्राटुक्रीहरूले छापिएको थियो र आँगनको बीचमा एउटा पानीको धारा बग्दथ्यो। फिलेमोन एक ढलौटको रङ्गको अनुहार भएका धनाढ्य कृषक थिए; उनी त्यस डुलिहिँड्ने जवानतिर फरक्क फर्के। उनका पाहुना एक महत्त्वपूर्ण व्यक्ति थिए, र बोलाउन उनका प्रशस्त नोकरचाकरहरू भए ता पनि उनी यस शिष्ट केटालाई तत्परतासाथ सेवा गरेको मन पराउँथे।

'तिमीले किन अबेर गर्‍यौ ?' चिसो मन लिएर उनले सोधे।

सत्यता भन्न अथवा नभए पनि त्यसको केही अंशसम्म बताउनु नै उचित हुन्छ होला भन्ने विचार अचानक ओनेसिमससमा फुट्यो। यसले दास मिनान्दरमाथि आफ्नो ईख फेर्ने सूअवसर पनि प्रदान गर्छ होला। ऊ पाहुनातिर फर्केर तिनलाई अभिवादन गर्दै निहुरियो।

'मलाई माफ दिनुहोस्, विन्ती छ, हजुर!' उसले भन्यो; 'हजुरकी सानी छोरी छिन् ?'

फिलेमोनले निधार खुम्च्याए। अनि 'यदि मेरी छोरी छे भने त्यसले तँलाई के भयो त ?' भन्न लागेझैं पाहुनाले आफ्ना आँखिभौहरू तन्काए।

'उनी खेल्दा-खेल्दै निक्कै पर बरालिँदै गएकी थिइन्, हजुर,' हतोत्साहबिना ओनेसिमसले भन्दै गयो; 'मैले ढडेनका खोचहरूमा उनलाई पहराहरूमाथि उक्लँदै गरेकी देखें र म उनको पछि गएँ। उनी सानी थिइन्, हजुर र चट्टानहरू अग्ला-अग्ला थिए। जहाँ-जहाँ जग्गा अप्ठ्यारो थियो, त्यहाँ-त्यहाँ उनलाई सघाउँदै मैले बिस्तारै उनलाई तल पुर्‍याएर आएँ।'

'अनि देवीको नाममा,' आधा जुरुक्क उठ्दै खाष्ठो-निर्माता पोलेमोन अचम्मित हुँदै कराए: 'उसकी सुसारे कहाँ थिई त ? अनि अहिले आइरीन् कहाँ छे ?'

‘मैले उनलाई उनकी सुसारेको हातमा सुम्पिदिएँ, मालिक,’ ओनेसिमसले जवाफ दियो; ‘मैले त सुसारे र दास मिनान्दरलाई दाखबारीको प्रवेश–द्वारमा पो उनलाई खह्य’ तेरो काममा जा, दास,’ उनले आदेश दिए, र ओनेसिमसले आफ्ना मालिकको छोराको आज्ञा मान्नुपर्‍यो; अरू विकल्प ऊसँग थिएन। यस खुशी भएको, निर्दोषी, सानो मुहारमा फेरि हेर्न लज्जित हुँदै ऊ आफ्नो कामतिर हतारियो र ऊ आफ्नो मालिकको पछाडि फेरि नउभिएसम्म उसले आफैमा केही न केही भएको थियो भन्ने कुरा महसुस नै गरेको थिएन। ती केही क्षणमा ऊ बदली भइसकेको थियो।

पहिलो त बालककालको उनीहरूको आपस्त हातेमालोको सम्झनाप्रति उसको सबै माया मरेको थियो, र अबदेखि उसो ऊ अर्खिपसलाई निरन्तर द्वेषपूर्ण घृणाले घृणा गर्नेथ्यो। दोस्रो, स्वतन्त्र हुनुमा उसले आफ्नो भावना दृढ़ बनाएको थियो। जत्रो मूल्य चुकाउन किन नपरोस्, र आफ्नो स्वतन्त्रता प्राप्त गर्नको निम्ति जेजति काम पनि गर्न किन नपरोस्, ऊ स्वतन्त्रै हुने नै छ। आफ्नो कम्मरमा गाँठो पारेको सानो सुनको टुक्रामाथि आफ्ना औंलाहरू सलबलाए; यो एउटा बैनाझैं लाग्दथ्यो।

‘मैले आफ्नो स्वतन्त्रता नकिनुन्जेलसम्म म यसलाई राख्नेछु,’ उसले मनमनै भन्यो; ‘यो त एउटा सुरुवात हो।’

‘दास!’ फिलेमोनले तीखो स्वरमा बोलेर हत्केला पड्काए; ‘मैले बोलाएको, अनि तिमी कुनै वास्तै गर्दैनौ! मालिक पोलेमोनको खाष्टो झट्टै ल्याऊ, र दासहरूलाई उहाँको सामान तयार गर्ने वचन सुनाइदेऊ!’

ती दासहरू अघिदेखि नै पर्खिरहेका र पश्चिमतिर ओरालो लागेको घामलाई अधीर हुँदै आँखा तन्काएर हेरिरहेका थिए; किनकि तिनीहरूले दस माइल यात्रा गर्नु थियो र घाम अस्ताएपछि बेंसीचाहिँ धनी यात्रीहरूको निम्ति ढुकेर बस्ने डाँकू र चोरहरूले भरिन्थ्यो। ओनेसिमसले पोलेमोनलाई खाष्टो ओढ्न सघायो र उनका चप्पलहरू ठिक्क लगाइदियो, त्यसपछि तबेलाहरूका खोपाको पछाड़िबाट उनीहरू फर्केका हेर्नलाई लम्कियो। अर्खिपसले सानी केटीलाई तिनका बुवाको छेउको आसनमा उठाएर राखेका र तिनलाई अङ्गुरको पातमा किम्बुहरूका झुप्पा थप्याएका उसले देख्यो; शिष्टपूर्वक र विनम्र भएर तिनले उनलाई धन्यवाद दिएकी उसले ख्याल गर्‍यो; तर तिनले उनीतिर आफ्ना आँखाहरू नलगाईकन यसो गरिन्;

न ता तिनले 'हामी फेरि भेट्नेछौं' नै भनिन्। जब चारैजना दासहरू आफ्ना काँधहरूमा सानदार पाल्की बोकेर सवार भए, तब उसले तिनलाई फर्केर हेरेर लमतन्न आँखा फैलाएकी देख्यो, तर तिनले अर्खिपसतिर हेरिरहेकी थिइनन्। किन होला? यसमा उसले अचम्म मान्यो; किनभने अर्खिपस बलिया र सुन्दर थिए; ऊभन्दा दुई वर्ष जेठा र निक्कै अग्ला थिए।

मध्यदिनको खानाको बचेखुचेका वस्तु हटाएर टेबल सफा गरेपछि उसले साँझको खानाको निम्ति सब तयार गऱ्यो र दाखमद्यमा मह मिसायो। घाम अस्ताउन आँटेको थियो। मालिकको परिवार खाँदै गर्दा अर्को दासले सेवा गर्नेथ्यो; यसैले ऊ घर जान स्वतन्त्र भयो। ऊ कुखुरा बास्दा उठ्थ्यो; यसैकारण साँझमा ऊ प्रायः आफ्नो खाना फटाफट खाएर मस्त निदाउँथ्यो। तर आज राति उसलाई हतार थिएन, र निद्रा ऊदेखि भाग्यो। आफ्नो मुसूरोको खाना खाइसकेपछि निक्कै बेरसम्म त्यतै हेर्दै ऊ ढोकाको मुखमा बसिरह्यो, जहाँ भर्खर बेंसीको उत्तर-पश्चिमतिरका पहाड़हरूको पछाड़ि सूर्य डुबेको थियो र रङ्गहरू अझै आकाशमा जगमगाइरहेका थिए। कलस्सेको माथिल्लो टारमा कटनी लगभग समाप्त भएको थियो, अनि गोरुहरूले तान्दै गरेका, मालले भरिएका, बयल-गाड़ाहरू पीपलका रूखहरू-बीचको धुलाम्मे बाटोमा सुस्त पाराले गुडुल्किरहेका थिए, लखतरान भएका खेतालाहरूचाहिँ थुपारिएको गहुँको रासमा अड़ेसिएका थिए। तिनीहरूका पछिल्तिर बेंसी-पारिपट्टि उसले सेता चूना-पत्थरका भीरैभीर परेका पाखाहरू र हिरापोलिसका छाँगाहरू साथै तीभन्दा तल, तर नदीभन्दा माथिको हरियो डाँड़ामा लओडिसियाका घरका छाना र खाँबाहरू देख्न सक्थ्यो।

शायद यतिखेर तिनी त्यहाँ पुकेकी थिइन्। साँझको झिसमिसेका सम्पूर्ण ससाना आवाजहरूः ढापमा भ्यागुताहरूका क्वार्र-क्वार्र, झ्याउँकिरीको झ्याउँ-झ्याउँ, आफ्नो वासतिर गइरहेको, एकोहोरो कराइरहेएको सारस, खोरमा भेड़ाहरूको घाँघुँ एकदम स्पष्ट र अरू बेलाभन्दा विशेष लाग्दथ्यो। एकचित्तले कुनै कुराको पर्वाह नमानी दाखको हाँगाका मुन्टाहरूतिर, उसको हात पुग्न सक्ने, छेउको अनारका राता फूलहरूतिर ध्यान खिच्दै उसले आँखा फट्टाएर हेरिरह्यो, र उसलाई आफै परिवर्तन भएको कुरा फेरि थाहा लाग्यो।

'आमा,' उसले अचानक भन्यो; 'मलाई बुवाको बारेमा बताउनु–होस् न!'

उसकी आमा हाँसिन् अनि तिनको चञ्चल, लहड़ी छोराको छेवैमा आफ्ना हातहरू ऊन कात्नुमा व्यस्त राख्दै भुइँमा बसिन्; तिनको हृदय जहिले पनि उसको साथमा थियो। तिनी एउटी सुन्दर नयन भएकी, फ्रिगियाकी स्त्री थिइन्, जो दासतामा जन्मिएकी, मालिकहरूपछि मालिकहरू हुँदा अन्तमा एउटा दयालु मालिककहाँ पुगेपछि उनीप्रति बफादार थिइन्। आफ्नो पतिलाई तिनी अघोर प्रेम गर्थिन्, तर मृत्युले उनलाई स्वतन्त्र गराएकोमा तिनी आनन्दित थिइन्; किनकि उनको लागि दासताचाहिँ सहन नसकिने ठूलो बन्धन थियो।

'मलाई लाग्छ, जान्न सक्ने जति सबै कुरा तिमीलाई थाहै छ,' तिनले भनिन्; 'आज राति केले तिमीलाई छटपटीमा पाऱ्यो?'

उसले आफ्नो टाउको हल्लायो। 'केही कुराले पनि पारेन,' उसले जवाफ दियो; 'मेरा बुवाको विषयमा फेरि सुन्न मन लागेको मात्रै।'

'उहाँ ग्रीसको पर्नासस् पहाड़का पाखाहरूमा जन्मनुभएको हो,' उसकी आमाले बताउन शुरु गरिन्; 'अनि उहाँ सारा सुन्दर थोकहरूलाई मन पराउनुहुन्थ्यो। जब उहाँ ठूलो हुनुभयो, तब उहाँ एथेन्समा एक विद्वान बन्नुभयो। उहाँ भन्नुहुन्थ्यो, एथेन्स नै संसारको सबैभन्दा सुन्दर शहर रे। धेरै साँझहरूमा उहाँ बसेर मसँग आफ्नो देशको विषयमा गफ गर्नुहुन्थ्यो। उहाँ नीलो समुद्रमा हीरामोतीहरूझैं देखिने ती टापुहरूको विषयमा, साथै यी पहाड़हरूको विषयमा बताउँदै जानुहुन्थ्यो, जसका टाकुराहरू बादलहरूले घुम्टो हालेका थिए र जहाँ देवताहरू वास गर्थे; अनि एथेन्स–शहरको मुख्य स्थानमा एउटा डाँड़ामाथि खड़ा भएको, सङ्गमर्मरको विशाल एक्रोपोलिसको बारेमा पनि बताउनुहुन्थ्यो। उहाँले मलाई विवाह गर्नुभयो; किनभने म सुन्दरी थिएँ, र उहाँले मलाई प्रेम गर्नुहुन्थ्यो; तर उहाँ यहाँ परदेशमा र यी अन्य देवीदेवताहरूको बीचमा रहँदा कहिल्यै खुशी हुनुहुन्नथ्यो। स्वतन्त्रतामा जन्मेकाहरू दासतामा समर्पित हुनै सक्दैनन्। उहाँ मट्टी र त्यसका सुन्दर मैदानहरूमा फर्कनुभएको राम्रै भयो।' बढ्दै गरेको अँध्यारोभित्र चियाउँदै तिनी चुपचाप बसिन्।

'भन्दै जानुहोस् न!' ओनेसिमसले विन्ती गऱ्यो; 'मलाई ती डाँकूहरूको विषयमा बताउनुहोस् न!'

'तिम्रा बुवा एउटा यात्री हुनुहुन्थ्यो; उहाँ कहिल्यै एकै ठाउँमा बस्न सक्नुहुन्नथ्यो; उहाँ सधैं पहाड़को चुचुरा नाघेर हेर्न लालसी हुनुहुन्थ्यो,' एउटा मीठो मुस्कानको साथमा उसकी आमाले भनिन्; 'एथेन्सको एउटा विद्यालयमा उहाँ कति वर्षसम्म अध्यापक हुनुहुन्थ्यो; त्यसपछि बसन्तको एक बिहान उहाँ टार्ससको विश्‍व-विद्यालयमा गई एकजना एथेनोडोरसको शिक्षा अध्ययन गर्न निस्कनुभयो। त्यस यात्राको बारेमा उहाँ धेरैपल्ट कुरा गर्नुहुन्थ्यो। बसन्तमा जति बेला टार्सस-पहाड़हरूको हिउँ पग्लँदै गरेको थियो, त्यति बेला उहाँ एउटा व्यापारीहरूको दलसित लाग्नुभयो। सिलिसिया मैदानहरूका ससाना हरिणहरूलाई उहाँले कति धेरै मन पराउनुहुन्थ्यो। गृष्म-ऋतुको अन्ततिर उहाँले फेरि यात्रा गर्नुभयो; त्यस बेला सिरियातर्फका राज-मार्गहरू अझै खुला थिए। उहाँ यरूशलेममा जाड़ो याम बिताउनुभयो।'

'के उहाँले तपाईंलाई यरूशलेमको थुप्रै कुरा भन्नुभयो?'

'अँ, जाड़ो यामका रातहरूमा उहाँ आगोको छेवैमा बसेर यरूशलेमको विषयमा गफ गर्नुहुन्थ्यो; किनकि उहाँ प्राय: छब्बीस वर्षअघि त्यहाँ पुग्नुभएको थियो, एउटा अनौठो समयमा त्यहाँ पुग्नुभएको थियो। रोमीहरूले यहूदी शासकहरूबाट तिरस्कार गरिको एउटा मानिसलाई क्रूसमा टाँगेर मारेको थोरै दिन मात्र भएको थियो।'

'किन शासकहरूले उनलाई तिरस्कार गरे त?'

'तिनीहरू उनीसँग डराए; किनकि उनले कुनै नयाँ प्रकारको धर्मको शिक्षा दिन्थे। तर तिनीहरूले उनलाई क्रूसमा टाँगे तापनि त्यस हिउँदभरि यरूशलेम उनका अनुयायीहरूले खचाखच थियो। आश्‍चर्यजनक कथाहरू पनि चारैतिर फैले। सयौं मानिसहरूले उनी मरेकाहरूबाट बौरेर उठे भन्ने कुरा देखेर यसको घोषणा गरे; तिनीहरूले उनलाई साँच्चिकै देखेका थिए भन्ने दाबी गरे। यसबाहेक उनका अनुयायीहरूमा केही कुरा थियो, जसले गर्दा मानिसहरू तिनीहरूदेखि डराए। तिनीहरूसँग एउटा अनौठो शक्ति थियो। तिम्रा बुवाले आफ्नै आँखाले तिनीहरूमध्ये एकजनाले एउटा

चिरपरिचित लङ्गड़ो मगन्तालाई समातेर उसलाई येशूको नाममा उठेर हिँड्ने आज्ञा दिएको देख्नुभयो र सुन्नुभयो; अनि त्यो मान्छे खुशीले चिच्याउँदै र उफ्रँदै यहूदीहरूको मन्दिरभित्र दौड़ेको थियो। तिनीहरू सतावटमा परेर पनि कुनै फिक्री मान्दैनथे।'

'तर तिनीहरूलाई किन सतावट दिइन्थ्यो त? के तिनीहरूले केही गल्ती गरेका थिए र?'

'अहँ, तिनीहरू सुकर्महरूले भरपूर थिए; तर तिनीहरूको शिक्षाले भने यस संसारलाई उथलपुथल पार्थ्यो। तिनीहरूले यहूदी र अरू अन्य जातिका मानिसहरूको बीचमा, दास र स्वतन्त्र मानिसहरूको-बीचमा भ्रातृ-प्रेमको सम्बन्ध सिकाउँथे। तिनीहरूले कुनै पक्षपात मानेनन्। यसैले उच्च वर्गका मानिसहरू र यहूदी नेताहरूले यस सिद्धान्तलाई प्रतिकार गरे।'

'के मेरा बुवाले यो शिक्षा ग्रहण गर्नुभयो त?'

'अहँ, उहाँका देवीदेवताहरू थिए, जो पर्नासस-पहाड़मा वास गर्दथे, जस्तै चट्याङ्गका देवताहरू, लड़ाइँका देवताहरू र सिकारका देवीहरू आदि। मेरो ख्यालमा, उहाँलाई बढ़ी मन पर्नेचाहिँ सौन्दर्यकी देवी थिइन्; किनभने जताततै म तिनलाई भेट्टाउँछु भनी उहाँ भन्ने गर्नुहुन्थ्यो: घामका अस्ताचलहरूमा, बसन्तका अगौटे फूलहरूमा, दाखका लहराहरूमा। तर उहाँ केही महिनासम्म यरूशलेममै बस्नुभयो। उहाँ त्यहाँबाट हिँड्नुभन्दा केही अघि मात्र उहाँले यस्तो एउटा कुरा देख्नुभयो, जुन कुरा उहाँ कहिल्यै बिर्सन सक्नुहुन्नथ्यो। येशूका चेलाहरूमध्ये एक स्टिफनस नाम गरेको चेलाको मुद्दा चल्यो। सड़कमा गरेको केही वादविवादको कारणले उसलाई सभाको सामु ल्याइयो; तिम्रा बुवा पनि त्यहीं भीड़मै हुनुहुन्थ्यो। स्टिफनसलाई आफ्नै पक्षमा प्रतिवाद गर्ने एउटा अवसर दिइयो, तर ऊ चाहे मरोस् चाहे बाँचोस्, यस येशूको विषयमा उसले के विश्वास गर्दथ्यो, सो भन्नुबाहेक कुनै कुरामा चिन्तित भएको देखिँदैनथ्यो। आखिरमा भीड़ रिसले राँको भयो, अनि चिच्याउन र नाना भाँति गाली बक्न थाल्यो; तर उसले तिनीहरूलाई नदेखेझैं गर्‍यो। ऊ माथि आकाशतिर हेरिरहेको थियो र उसको मुहारचाहिँ ईश्वरको जस्तै उज्यालो थियो। उसले केही कुरा भनेको थियो, तर तिम्रा बुवाले सुन्न सक्नुभएन। पछिबाट नजिकै

उभिएको मानिसले ठोकेर भन्यो: उसले स्वर्ग खोलिएको र येशूलाई परमेश्वरको दाहिने हातपट्टि उभिरहनुभएको म देख्दछु भनी भनेको थियो अरे। जे भए पनि, सारा भीड़ पागल भएर ऊमाथि आइलाग्यो र उसलाई शहर–बाहिर घिसारेर ल्याईकन ढुङ्गाले हान्न थाल्यो। उसले फेरि मास्तिर हेर्‍यो र कसैलाई गुहार गर्‍यो, तर तुरुन्तै उसलाई हिर्काएर ऊ ढलेको थियो। मर्नुभन्दा केही बेर मात्रै अघि उसका हत्याराहरूलाई क्षमा गरिदिन ईश्वरसँग उसले पुकारा गरिरहेको थियो रे।'

'उसका हत्याराहरूलाई क्षमादान दिएको?' ओनेसिमस एकाएक गलल्ल हाँस्यो; 'म त यो कुरा पत्याउँदिनँ।'

'रपनि यो साँचो थियो। उसको कुरा आफैले सुनेर तिम्रा बुवाले कहिल्यै बिर्सनुभएन।'

'त्यसो हो भने त्यो स्टिफनस कठैबरा मूर्ख नै रहेछ। मलाई डाँकूहरूको विषयमा भन्नुहोस् न!'

'तिम्रा बुवा यरूशलेममै रहनुभयो र निक्कै ढिलो गरी घरतर्फको यात्रामा निस्कनुभयो। सिलिसियाका प्रवेशद्वार नामक भन्ज्याङ्गबाट भएर जानुहुँदा अघौटे झरी बर्सियो। रात परेको थियो। टार्सस–पहाड़हरूबाट उहाँ र उहाँका सह–यात्रीहरूमाथि केही डाँकूहरू हुरिँदै जाइलागे। तिनीहरूले सबै थोक लगे: उहाँको पैसा, उहाँका लुगाफाटा र उहाँलाई सबभन्दा चित्त दुख्ने के भने उहाँका बहुमूल्य पुस्तकहरू। उहाँलाई कैदी बनाएर लगियो र फ्रिगियाको एउटा बजारमा दासको रूपमा बेचियो।'

'अनि त्यसपछि,' ओनेसिमस मधुर स्वरमा बोल्यो; 'उहाँले तपाईंलाई भेट्नुभयो।'

'मेरा मालिकले उहाँको लागि एकदम ठूलो रकम तिरे; किनभने उहाँ जवान, बलियो र सुन्दर हुनुहुन्थ्यो; अनि उहाँले म, त्यस मालिकको घरमा जन्मेकीलाई विवाह गर्नुभयो। मैले उहाँलाई सान्त्वना दिएँ र उहाँको निम्ति छोराछोरीहरू जन्माएँ, तर यी उच्च एकलास फाँटहरूमा पेटपालो गर्न निक्कै गाह्रो थियो; यसैले अघिल्ला तीनटा नानी मरे। तिम्रा बुवा कहिल्यै एक असल दास हुनुभएन। उहाँको ग्रीसी घमण्ड कुनै कुराले सधाउन सक्दैनथ्यो।'

'अनि त्यसपछि म जन्में।'

'हो, तिमी जन्मियौ, त्यसपछि उहाँको अन्त निक्कै छिटो आइदियो। हाम्रा मालिकले सिलिसियाको गहिरो माटोमा उहाँलाई धेरै घण्टाहरूसम्म काम जोताएर उहाँको घमण्ड तोड़िदिने निश्चयता गरे; त्यति बेला उहाँ खोकी र ज्वरोले कमजोर हुनुभएको थियो। त्यसपछि एकदिन उनले उहाँलाई एउटा केटो दासलाई पिट्ने आज्ञा गरे, जसले अनजानमा केही कुरा फुटाएको थियो; अनि तिम्रा बुवाले इन्कार गर्नुभयो। हाम्रा मालिकले उहाँलाई हिर्काए, तब तिम्रा बुवाले पनि हिर्काइपठाउनुभयो। तिनीहरूले उहाँलाई दिएको सजायपछि त उहाँ कहिल्यै आफ्नो ओछ्यानबाट उठ्नुभएन; तैपनि दिनदिनै आफ्नो ज्वरोमा उहाँले आफ्ना चोटहरूको बदला लिनलाई सामर्थ्य देऊ भनेर ईश्वरहरूसँग प्रार्थना गर्नुभयो। त्यसपछि उहाँ बित्नुभएको त्यस रातमा ... यो साह्रै अचम्मलाग्दो थियो। उहाँले स्टिफनसको विषयमा कुरा गर्नुभयो। ''कुनै डर र घृणाबिना त्यो मान्छे कसरी मर्न सक्यो होला?'' उहाँले मलाई सोध्नुभयो। ''कसरी एउटा मानिसले आफ्ना हत्याराहरूको निम्ति क्षमादान माग्न सक्छ? स्टिफनसले कसलाई देख्यो?'' धेरै पल्ट उहाँले यी प्रश्न गर्नुभयो, तर मैले उहाँलाई कुनै जवाफ दिन सकिनँ। त्यही रात उहाँ बित्नुभयो।'

'अनि त्यसपछि?'

'त्यसको लगत्तैपछि देवताहरूले बदला चुकाए, अनि सिकार खेल्दै गर्दा हाम्रा मालिक आफ्नो घोड़ाबाट खसे, र एउटा जङ्गली बँदेलले उनलाई माऱ्यो। हामीहरू सबै फेरि बेचियौं र भाग्य दयालु रहेछ। तिमी र म – हामी दुवै सँगै किनियौं; अनि मेरो छोरा, एउटा धर्मी मालिकको निम्ति तिमीले ईश्वरहरूलाई धन्यवाद चढ़ाउनुपर्छ।'

'किन? मलाई किन एउटा मालिक चाहिन्छ र?' केटाले अटेरी पाराले भन्यो।

उसकी आमा खिस्स हाँसिन् र उसका बाक्लो कपाल आफ्ना औंलाहरूले कोरिन्। 'तिमी पनि तिम्रा बुवाझैं सुन्दरता र स्वतन्त्रता मन पराउन जन्मेका थियौ, .... तर आज रात मैले तिमीलाई अघि कहिल्यै नभनेको कुरा म तिमीलाई भन्नेछु। मैले कमाउन वा चोर्न सक्ने एक-एक सिक्का म तिम्रो स्वतन्त्रता किन्नलाई लुकाइरहेकी छु। एकदिन तिमी स्वतन्त्र हुनेछौ।'

उसले आफ्नो कम्मरमा गाँठो पारेको सुनको टुक्रा सुमसुम्यायो र उसको हृदयमा एउटा उदेकको आशा उर्लेर आयो। एकदिन ऊ स्वतन्त्र हुनेछ – घुम्नलाई स्वतन्त्र, घृणा गर्नलाई स्वतन्त्र, ईख फेर्न स्वतन्त्र र प्रेम गर्न स्वतन्त्र।

उसले रात्रीको आकाशतिर आँखा फैलायो, जहाँ अघौटे ताराहरू लओडिसियामाथि झलझलाइरहेका थिए।

# ३

त्यसपछि टन्टलापुर गृष्मका दिनहरू फटाफट बित्दै जान्थे; अनि ओनेसिमस बिहानीको झिसमिसेदेखि साँझको अँधेरीसम्म काम गरिरहन्थ्यो। गहुँको कटनी करिब सिद्धिएको थियो, अनि खलाहरूमा ठूलो रमाहट थियो, बलिदानहरू चढ़ाइए र चाड़बाड़हरू शुरु भए। अनि भुइँमनिका खाल्डा–रूपी धानसारहरूमा अन्नका बालीहरू थुपार्नेबित्तिकै अङ्गुर पाकेका थिए। हूलका हूल दासहरूले दिनभर काम गर्दै दाखबारीहरूहुँदो अङ्गुरहरू टिपिरहे। तिनीहरूले कति अङ्गुर सुकाउन बिस्कुन फैलाउँदैथिए, कति अङ्गुर मस्त लादेका गाड़ाहरूमा दाखको कोलतिर लैजाँदैथिए। अरूले दाखका बोटहरू छिँवले। त्यसपछि तिनीहरूले बाक्खुस देवताको निम्ति चाड़हरूको उल्लास मनाए।

वर्षकै मनै गद्गद पार्ने समय यही थियो, अनि ओनेसिमसलाई यो मन पर्थ्यो। तिनीहरूले नेभाराहरू र अनारहरू बटुल्न थाल्ने बेलासम्ममा त माथिल्लो फाँटका पीपलका रूखहरूका पातहरू साथै तल्ला पाखाहरूमा सर्लक्क सोभायमान् भएका उन्यूघारी सुनौला हुन थालिसकेका थिए। हावा सरर लतलत लगाउने खालको र बढ़िया दाखमद्य जत्तिकै स्वादिलो थियो; अनि हरेक घरको कौसी घाममा सुकाइरहेका किसमिस, नेभारा, मकै र अनारहरूको राखनधरनले बग्रेल्ती थिए। बिहानीका उषाहरू ठण्डा र छ्याङ्ग थिए; बेंसीमा खोलाबाट हुस्सु उठिरहेको थियो। सबै रूखहरू फलले लटरम्म थिए। काला हिउँदे दिनहरू आउनुभन्दा अघि नै पृथ्वी, तिनीहरूकी माताले आफ्नो आशिषको अन्तिम चिनोको रूपमा आफ्ना

छोरीछोरीहरूमाथि प्रशस्त हुने गरी बग्रेल्ती छरिरहेझैं उपहारहरूका वर्षा गरिरहेकी लाग्दथ्यो।

तर जैतुनको फसल सक्नुअघि, तेल भाँड़ाहरूमा हालेर भण्डारमा राख्नुभन्दा निक्कै अघि खसिरहेको पहिलो हिउँ माथिका खोचहरूहुँदो हुत्तिएर फ्याँकिएको थियो, अनि त्यस बेंसीको पूर्वपट्टि त्यसको अन्तमा सिङझैं चुचो चुचुरा र कद्मसको धरहराजस्तै टाकुरा हिउँले सेताम्मे पारे। साँघुरा खोचहरू र मैदानहरूहुँदो हुरी गड़गड़ाउँदै वेगसित बहेको थियो, अनि स्याल र ब्वाँसाहरू भिराला खोचहरूहुँदो कुर्लिरहेका थिए। पानी परिरहेको थियो र चारैतिर बाटाहरू हिलैहिला भए। बेंसीमा हिउँदको मौनता छायो, अनि गाढ़ा रातो घामको अस्ताचलको साथ जाड़ो यामले मानिसहरूलाई छोप्यो।

धनी मानिसहरूले आफ्ना ठूलो आगो ताप्ने मकल सल्काए र दासहरू कोइलाको थाक लगाउन व्यस्त भइगए। तर दासहरू आफैले भने आ–आफ्ना माटाका चुहिने छाप्राहरूमा दु:ख पाए। पूर्वतिर जाने ठूला–ठूला सड़कहरू हिउँले गर्दा बन्द भए र कुनै यात्री पनि त्यो बाटो भएर गएन र बाहिरी संसारको केही खबर तिनीहरूकहाँ पुगेन। त्यहाँ गर्ने काम केही थिएन, अनि ठिहिराउने चिसो र बूढ़ा दासहरूको बाथको बिमारीको विषयमा बाहेक कुरा गर्ने केही थिएन।

तर यस्तो एउटा दिन आयो, जसमा ओनेसिमस झिसमिसे उज्यालोमा बाहिर निस्क्यो र भर्खर जन्मेका पाठाहरूका भ्या–भ्या सुन्यो। उसले उँचा गल्छीहरूबाट सुइँकेको न्यानो दक्षिणी हावाको निश्वास महसुस गर्‍यो। उसलाई थाहा थियो – पहाड़हरूको पारिपट्टि समुद्र नीलो थियो। उसले तल भुइँमा हेर्‍यो र हिलोमा होचा गुनकेसरीका गाँजहरू देख्यो। बसन्त–याम आउन लागेको थियो। अब छिट्टै जोताइ र रोपाइ शुरु हुन्थ्यो, अनि सिरियादेखि सारसहरू आइपुग्नेथिए।

दक्षिणी बतासको निश्वासमा हरेक नै जाग्यो। घाम झुल्कियो र हिउँ पग्लन थाल्यो। छाँगाहरू बढ़ेर आए। उर्लिरहेको पानी खोलाका किनारहरू नाघेर बेंसीमा ओइरिँदै भलले पाखाहरूलाई ढाक्यो। जहाजहरूले समुद्र–यात्राहरू शरु गरे, अनि राज–मार्गहरू फेरि पूर्व र पश्चिमका खबरहरू ल्याउने खुशियाली यात्रीहरूले खचाखच भरिए। अप्फिया मैयाँसाहेब,

फिलेमोनकी श्रीमतीले आफ्नो बङ्गलाको सरसफाइको निम्ति यस राम्रो मौसमको फाइदा उठाइन्, अनि यही कारणले गर्नुपर्ने काम मारामार थिए। तिनकी सानी छोरी पस्कासियाले एउटा टुहुरो भेड़ाको पाठो स्याहारेकी थिई र एउटा दुधेबालकलाई झैं त्यसको सुसार गरेकी थिई।

'हामी आउने हप्ता लओडिसियातिर जाँदैछौं,' एक बसन्तको साँझमा अर्खिपस तबेलाको ढोकामा टक्क अड़िएर बेपर्वाहसँग बोले, जहाँ ओनेसिमस आफ्नो मालिकको घोड़चढ़ीका सामानहरू सफा गर्दै र टल्काउँदै थियो। 'मेरा बुवा र म – हामी दुवैजनाले मालिक पोलेमोनको कारखानाबाट नयाँ वस्त्र बनाउनु छ; अनि मैले नयाँ चप्पल पाउँदैछु। ओनेसिमस, म तिमीलाई मेरो पुरानोचाहिँ दिउँला।'

ओनेसिमसले तिनको कृपाप्रति जतिसम्म निर्लज्ज पाराले जवाफ दिने आँट गर्‍यो, त्यसरी नै आभार व्यक्त गर्‍यो। यी दिनहरूमा उसले अर्खिपसलाई बुझ्न सकेन। तिनी एउटा अचम्मको गतिमा बढ़िरहेका थिए र पन्ध्र वर्षमै तिनी करिब तिनको बुवाजत्तिकै अग्ला थिए। हर सम्भव तरिकाले तिनले ओनेसिमसलाई हेला गर्न र धज्जी उड़ाउनुमा, त्यसपछि फेरि उसलाई खोजेर उनीहरूको पुरानो दोस्ती कायम राख्न प्रयास गरेर उसलाई उपहारहरू टक्र्याउनुमा तिनले आलोपालो गरिरहे। तर यो त एउटा ढुङ्गासित मिल्दारु हुने प्रयत्न जतिकै थियो। सबै छिसिक्क र दर्दनाक शब्दहरू केटाको स्मरणमा कसरी संग्रहित हुँदै गए भन्ने तिनलाई विरलै होश थियो। उसको निम्ति अर्खिपसचाहिँ उसको दासताको प्रतीक भएका थिए र उसको अभिमानी जवान हृदयको सम्पूर्ण सामर्थ्यमा उसले तिनलाई घृणा गर्‍यो।

अर्खिपसले सुस्केरा हाले। तिनले यस केटालाई पूर्ण रूपले आफ्नो बनाउन र उसको भक्ति, आदर र श्रद्धा प्राप्त गर्ने आश गरे; तर जब उनीहरू सँगै हुन्थे, तब यो असम्भव छ भनेर कहाँबाट हो, कुन्नि, तिनलाई जहिल्यै महसुस भयो; तिनले आफै पराजित भएको बोध लिएर जुरुक्क उठे, तर अझ अल्झिए।

'मलाई मेरी आमाको एउटा सिक्री तल सुनारकहाँ मर्मत गर्न लैजानुपरेको छ,' तिनले अन्तमा भने; 'एक घण्टाभित्रमा मसँगै साथी जान तैयार होऊ है!'

जब तल शहरतिर उनीहरू बाटोमा बरालिँदै हिँड़े, तब ओनेसिमसको अँध्यारो मन फुरुङ्ग भयो; किनकि अग्रिम बसन्तका यी दिनहरूका सुन्दरताले उसलाई जहिले पनि विभोर र रोमान्चित बनाउँदथे। कागजी बदामका नाङ्गै रूखहरू फुलिरहेका थिए र सड़क-छेउछेउमा लहरै टुकीफूलहरूका सुनौला गुच्छाले त यसो हेर्दा अर्खिपसको दिक्दारी समेत कम गराइदिए। ओनेसिमस एक्लै भएको भए ऊ दौड़न्थ्यो, फाल हाल्थ्यो र ईश्वरहरूको प्रशंसा गर्थ्यो होला। तर यसो नभए एउटा दासको योग्य चालमा आफ्नो मालिकको दुईतीन कदम-पछाड़ि ऊ हिँड़िरह्यो, अनि त्यो सम्बन्ध जेजस्तो भए पनि बिर्सेर सँगसँगै हिँड्न खोज्ने अर्खिपसको आग्रह उसले एकोहोरो इन्कार गर्‍यो।

'मलाई आशा छ, मेरा बुवाले भोलि तिमीलाई ताबेदारीमा लानुहुनेछ,' अर्खिपसले उदार भावमा भने; 'दिक्क लाग्दा कलस्सेका ससाना सड़कहरूको तुलनामा लओडिसियाका सड़कहरू एक वास्तविक दृश्यावली हुन्, अनि मालिक पोलेमोन सङ्गमर्मरको निवासमा बस्छन् भनी तिनीहरूले भन्छन्। सानी मैयाँसाहेब आइरीन् यस हिउँदभरिमा बढ़ेर ठूली भइसकेकी होलिन्, यसमा कुनै शङ्का छैन। मैले उनलाई कुनै सानो उपहार त लानैपर्छ।'

घामको अगाड़ि एउटा सानो बादल बामेसर्‍यो, अनि ओनेसिमस चुपचाप लोसे चालमा लरखराइरह्यो।

'हामीलाई लओडिसियाको आमन्त्रण दिन आएको सन्देश-वाहकले कलस्से-बाहिरको संसारका ताजा समाचारहरू ल्याएको थियो,' सानो खिन्न हाँसोको साथ अर्खिपस बोल्दै गए; 'थिआटिरामा रङ्ग व्यापारीहरूले यहूदी आप्रवासीहरूको सम्बन्धमा गनगन गरिरहेका छन्। नयाँ सम्राट नेरोचाहिँ रोममा रवाफसँग राज गर्छन्, अनि यस्तो गौरवमा अथवा यस प्रकारको राजकीय ढङ्गले आजसम्म कुनै सम्राट पनि बसेका थिएनन्। तल एफेससमा ग्रीक व्यापारीहरू र स्थानीय बाँड़ाहरूले फेरि पनि सड़कहरूहुँदो हूलढङ्गा मच्चाइरहेका रहेछन्। पूजाहारीहरू तिनीहरूकी देवीको आस्थाको निम्ति अति नै व्याकुल छन् रे, व्यापारको प्रतिस्पर्धा-सम्बन्धी मामिलामा मात्रै होइन। एउटा अनौठो, नयाँ शिक्षाले त्यहाँ

जताततै जरा गाड़िरहेका हल्लाहरू सुनिन्छन्। कुनै साधारण यहूदीको शिक्षा; आफ्नै राजधानीमा उनी क्रूसको मृत्यु सहेर मरे। यो बड़ा अनौठो छ; मानिसहरू कति अनजान छन्! उनीहरूले सुनेका हरेक नयाँ हाँसोउठ्दो कथामा फसिहाल्दा रहेछन्।'

'येशू,' भन्दा ओनेसिमस झसङ्ग झस्कियो; 'मान्छेहरूले भन्छन्, मरेकाहरूबाट उनी त फेरि बौरिउठे रे।'

'कहाँ र कसबाट सुन्यौ तिमीले यो कुरा?' फनक्क फर्केर अर्खिपसले सोधे। जुन विषयहरूमा तिनी आफैचाहिँ प्रायः अनभिज्ञ नै हुन्थे, त्यस्ता कुराहरूको ओनेसिमसलाई भएको ताजा जानकारीले सधैं तिनलाई रनक्क रिँगाउँथ्यो।

'यी कुराहरू म सुन्दैछु,' ओनेसिमसले हल्कासँग जवाफ दियो; किनभने उसको बुवाको संस्मरण एउटा यस्तो घाउ थियो, जो उसले अर्खिपसलाई कहिल्यै देखाएको थिएन।

'अँ, तिनीहरूले भन्छन्, त्यस शिक्षाले त हिरापोलिसमा जरा गाड़िसकेको छ,' अर्खिपसले भन्दै गए; 'हाम्रै शहर कलस्सेका एकजना बासिन्दाले एफेससमा केही पाल बनाउनेहरूसँग काम गरेर त्यतैतिर हिउँद बिताउँदैथिए। येशूका अनुयायीहरूले निक्कै ठूलो होहल्ला मचाइरहेका छन्। उनीहरू भूतप्रेतहरूदेखि डराउँदैनन् र बलि चढ़ाउन छोड़ेका छन्। उनीहरूले एक अदृश्य परमेश्वरको पूजा गर्छन्। यहूदीहरू र करीअवासीहरू, ग्रीक र फ्रिगियावासीहरू सबै बुद्धु बँधुवा भेड़ाहरूको बगालजस्तै एकै ठाउँमा खिचड़ी हुन्छन्। तिनीहरू भन्छन्, यस अभियानलाई दमन गर्न मन्दिरका पूजाहारीहरूको साथमा यहूदीहरू पनि लागिपरेका छन्, तर यी मान्छेहरू सतावटहरूमा स्थिर रहन्छन्। उनीहरूको सिद्धान्तका बुँदाहरूमध्ये एकचाहिँ प्रेम गर्नु र आफ्ना शत्रुहरूलाई क्षमा दिनु हो। ठीक त्यही नै उनीहरूका त्यस क्रूसमा टँगिएको अगुवाले गरे।'

'म त मेरा शत्रुहरूलाई प्रेम गर्न वा क्षमा गर्न चाहन्नँ,' अन्तमा ओनेसिमसले बिस्तारै भन्यो; अनि ती दुई केटाहरू शहरसम्म नपुगुन्जेल चुप भए।

कलस्सेचाहिँ आफ्नै ऊन बजार र आफ्नै बैजनी रङ्गको काममा आश्रित एउटा सानो शहर थियो। उपल्ला काँठहरूमा छिटो-छिटो बढ्दै

गइरहेको यहूदी बस्ती पर्थ्यो, जहाँ अलगिएको, नचिनिने एउटा समुदाय बस्थ्यो। केटाहरू सड़कहरूहुँदो अगाड़ि, सड़कपट्टि खुला भएका पसलहरू–नजिक टहलिँदै बरालिए। कति पसलबाट पाकेको मासुको मीठो बासना छुट्यो, अनि रमाइला भीड़हरू रक्सी–पसलहरूको सामु आपसमा ठेलमठेल गरे। सड़क–सड़कहरूको बीचमा पानीले सिँजेका बगैंचाहरू थिए, जहाँ सङ्गमर्मरका शालिकहरू खड़ा थिए र केटाकेटीहरू खुट्टी खेल्दै वा आफ्ना ढ्याकहरू भल्दै दौड़न्थे र चिच्याउँथे। उनीहरू मन्दिर र त्यो स्कूल पार गए, जहाँ अघि एक समय अर्खिपसले पढ्न र लेख्न, साथै हिसाब, ल्याटिन र ग्रीक सिकेका थिए।

ओनेसिमसले पढ्न पाउनको निम्ति जे पनि दिन तयार थियो; अर्खिपसले किन यति चाड़ै स्कूलबाट झिकाइन आफ्ना बुवालाई जबरजस्ती गरे, यो कुरा उसको निम्ति सधैंभरि आश्चर्य लाग्ने कारण बन्यो।

'ज्यामिती, खगोल–शास्त्र, दर्शन–शास्त्र र संगीत!' चकित खाँदै तिनले ओनेसिमसलाई भनेका थिए; 'यी कुराहरूले मलाई कहिल्यै के नै पो गर्लान् र? म त मेरा बुवाको फार्म अनि व्यापार सम्हाल्न, पैसा कमाउन र घुम्न चाहन्छु। के म उहाँको एक्लो छोरो होइन र?' र यो फिलेमोनलाई मनाउन सक्ने एउटा तर्क थियो; यसैले अर्खिपसले तेह्र वर्षको उमेरमा स्कूल छोड़ेका थिए, अनि दुई वर्षपछि त तिनी पैसा कमाउन निपुण भइसकेका थिए।

सुनारको पसल एउटा सानो गल्लीमा थियो; अनि उनीहरूले उसलाई अण्डाजत्रो देखिने एउटा सानो धातु गाल्ने घरियामा आफ्नो सुन पगाल्न व्यस्त भइरहेको भेट्टाए। सात चोटीसम्म तताउँदै र खार्दै सुनको शुद्ध पारिएको तरलमा उसको मुहार ऐनामा झैं सफा नदेखिएसम्म ऊ आफ्नो भट्टीमा थ्याच्च बसेर खुरन्धार काममा लागिरह्यो। केटाहरू उसलाई बिथोल्ने आँट नगरीकन पर्खेर बसिरहे। विचार–मग्न हुँदै अर्खिपसले एउटा साह्है सुन्दर, सानो सिक्री र हारमा आँखा तन्काएर हेरे।

'म त्यसलाई आइरीन् मैयाँको सानो गोरो गलामा लगाउन चाहन्छु,' तिनले मनमनै भने; 'अनि हेर, ओनेसिमस, यी बालाहरू – कति मनमोहक कलाको काम! र यी कलाकृति, देवताका ससाना मूर्ति–कलाहरू!' तिनी अधीर हुँदै दोकान/पसलमा यताउति गरिरहे, तर ओनेसिमसचाहिँ

उम्लिरहेको धातु र धाउबाट सुन खार्ने सुनारका सिपालु हातहरू हेर्दै शान्तसँग उभिरह्यो।

अन्तमा बूढ़ो मान्छेले आफ्ना आँखा उठाएर हेर्‍यो; तब अर्खिपसले उसलाई भाँचिएको हार थमाएर तिनकी आमाले के गरेको चाहन्थिन्, त्यो सविस्तार बताए। खूबै आदर-भावसँग सुनारले भोलिसम्म यो तयार हुन्छ भन्ने प्रतिज्ञा गर्‍यो; किनभने फिलेमोन उसका धनी ग्राहकहरूमध्ये एक थिए, अनि फिलेमोनका छोराको उपस्थितिले उसको सानो दोकानले प्रतिष्ठा पाएकोमा ऊ खुशी थियो। आफ्नो पुरानो बिस्टको काम कारोबार र स्वास्थ्यको विषयमा उसले थुप्रै कुराहरू सोध्थ्यो होला, तर अर्खिपस पसल छोड़िहाल्न उत्सुक भइरहेका देखिन्थे। ऊनका रासहरू उतारिएको हेर्न अथवा सड़कमा डुलुवा गाइनेको गीत सुन्नको निम्ति टहलिनुको सट्टामा दुईजना केटाहरू फेरि उनीहरूको घरमा पुर्‍याउने उकालो गोरेटोमा नपुगेसम्म तिनी एकनास गतिमा हतार गरिरहे।

डाँड़ाको फेदिमा पुगेपछि सास फेर्न टक्क अड़िँदै छक्क मान्दै गरेको ओनेसिमसले सोध्यो: 'केलाई हतार छ र, मालिक?'

'तिमी त फेरि आफ्नै काममा जानुपर्ने,' अर्खिपसले जवाफ दिए; 'मेरा बुवालाई तिम्रा खाँचो परिराखेको होला; आऊ, यताउता आलेटाले गरी नबस!'

ओनेसिमसले तिनलाई बोलाउँदा तिनी अघि नै हतार-हतार गर्दै अगाड़ि गइसकेका थिए।

'रोक्नुहोस्, मालिक! पर्खनुहोस्! हाम्रो पछि-पछि कोही गधा चढ़ेर आउँदैछ, र चिच्च्याउँदै हामीलाई बोलाउँदैछ; एउटा बूढ़ो मान्छे गधामा आउँदैछ। यो त त्यो सुनार रहेछ, एउटा बूढ़ो गधामाथि बोराझैं बसेर कुनै दुर्घटना परिआएझैं गरी कोर्रा घुमाउँदैछ। उसले त्यस बिचरो बूढ़ो जनावरलाई अझै छिटो हाँक्यो भने ऊ तल खस्नेछ।' त्यसपछि अचानक उसले हाँस्न छोड़्यो; किनकि अर्खिपस खड्ग्रङ्ग हुँदै र कालो अनुहार लिएर उभिरहेका थिए र तिनको अनुहार साह्रै पहेंलो थियो।

'मूर्ख बूढ़ो,' तिनी मुरमुरिए; 'उसले के-के पो माग्न सक्छ र? हामी हिँड्दै गरौं, ओनेसिमस, अनि उसको कुनै वास्ता नगरौं!'

'तर मालिक,' दासले भन्यो; 'उसले पहिले आफ्नो गर्दन भाँचेन भने त उसले एक झिमिकमा हामीलाई भेटि नै हाल्नेछ।' अनि साँच्ची नै बूढ़ो मान्छेले अघि नै शहर पछिल्तिर छोड़िसकेको थियो र उकालोमा त्यस गधालाई जति सक्दो चुट्दै एकनास हुँइकिँदैथियो। उसको टोपी एकातिर सोहोरिएको थियो, अनि उसले अप्ठ्यारोसँग कर्के परेर जगरमा समातिरहेको थियो। ओनेसिमस ढिलो नगरीकन उसलाई भेट्न दौड़ियो अनि ऊ धरमराउँदै छेउतिर खस्न लाग्दा ठिक्क बेलैमा उसलाई समाल्न पुगेको थियो।

'के म तपाईंलाई केही सहायता गर्न सक्छु, हजुर?' ओनेसिमसले प्रश्न गऱ्यो; 'कुनै घटना पो भयो कि?'

'मलाई तेरो मालिकसँग बोल्न दे,' बूढ़ो मान्छे चिच्यायो। बेहोसीमा ऊ काँप्दैथियो र अति चिन्तित देखिन्थ्यो। 'अँ, सानो मालिक, यता आउनुहोस् त! तपाईं केटाहरूले के गर्नुभएको यस्तो काम? सिक्री र लकेट – त्यो त गायब भो! एउटा बूढ़ो मान्छेलाई यसरी छक्याउनु तपाईंहरूलाई शर्म लाग्दैन र?'

त्यहाँ एकछिन सन्नाटा छायो। एक क्षण त के जवाफ दिने भनेर अर्खिपस अक्क न बक्क भएझैं देखिए। त्यसपछि तिनी बोले र तिनको स्वर धमास दिने खालको थियो।'तिम्रो सिक्रीको कुरा हामीलाई केही पनि थाहा छैन, प्लोतसज्यू! शायद अरू कुनै ग्राहकले पो ...'

'त्यहाँ अरू कोही पनि ग्राहक थिएन नै,' पाखुरा निमोठ्दै बूढ़ो मान्छे कड्कियो; 'के आफ्ना छोराछोरीहरू कहाँ छन्, सो थाहा नपाउने एउटा बाउले जस्तै मेरो सुन थाहा पाउँदिनँ भन्ने तिमीहरू ठान्छौ? एक टुक्रा हराइरहेको होस् र यो म मेरो सम्पूर्ण आत्मा र शरीरले थाहा नपाऊँ? ओ, तिमीहरू सुइँकुच्चा ठोक्नेहरू हौ, तर तिमीहरू मदेखि भागेर जान सक्दैनौ।' ऊ पूरै काँपिरहेको थियो।'त्यो सिक्री म जस्ताको त्यस्तै फिर्ता पाऊँ, नत्र ता म तिमीहरूको पछि–पछि मालिक फिलेमोनको घरसम्म जानेछु र उहाँको सामुन्ने तिमीहरू दुवैजनाको खानतलाशी गर्नेछु। हे प्रभु, तिमीहरूले एउटा दु:खी बूढ़ो मान्छेप्रति यस्तो गरेकोमा तिमीहरूलाई ईश्वरको डर लाग्दैन?'

'शान्त, शान्त प्लोतसज्यू!' अर्खिपसले शान्तसँग भने; 'तपाईंलाई डाँड़ामाथिसम्मै जानु खाँचो छैन। अघि नै यो घोड़ा–चढ़ाइ तपाईंको निम्ति काफी भइसकेको छ। तपाईंले हामीलाई यहीं बाटैमा खानतलाशी लिन सक्नुहुन्छ। म यहाँ नै तपाईंको उपस्थितिमा मेरो दासको खानतलाशी गर्छु, र त्यसपछि मेरो खानतलाशी गर्न तपाईंलाई अनुमति छ।'

तिनले अलिक रूखोसँग ओनेसिमसलाई पक्रेर बाटोको बीचैमा उसलाई ताने। त्यही घड़ी तिनले ठूलो स्वरले भने: 'तपाईंको गधा हेर्नुहोस् त, प्लोतसज्यू!'

त्यो पशु, चालै नपाईकन बिस्तारै घरतिर बाटो गइरहेको थियो। सुनार खुट्टा खन्च्याङ्ग–खन्च्याङ्ग गर्दै केही फड्को तलतिर हिँड़्यो र पशुलाई त्यसको लगाममा समातेर तान्दै फर्कयो। केटाहरूलाई हेर्दा र गधाले झ्याप्प टोक्ने हो कि भन्ने डरले हड़बड़ाउँदै ऊ भाउन्न भएको र अत्यासले साह्रो भएको थियो। अर्खिपसले होशियारसाथ आफ्ना हातहरू ओनेसिमसको जीउमाथि हाले, उसका चप्पलहरू हटाए, उसको खास्टो टक्टकाए। त्यसपछि तिनले उसको बाक्लो कम्मर–पटुका खोले र जब तिनले यसो गरे, तब हेर, सुनको सिक्री भुँइमा खसेर उनीहरू सबैको सामु छर्लङ्ग देखिने गरी घाममा टिलिक्क टल्केको थियो।

# ४

त्यहाँ एकछिनको लागि विरक्तलाग्दो सन्नाटा छायो, अनि दुवैजना केटाहरू त्यहीं नै ठाउँमा ठिङ्ग उभिएका–उभिएकै भए। तब त्यस बूढ़ो मान्छेले रमाएर हर्षले चिच्च्याएर आफ्नो सुन झम्टेर लियो अनि त्यसलाई हातमा खेलाउँदै र उमङ्गले विभोर हुँदै त्यसलाई नियाल्दै त्यहाँ उभियो। त्यसपछि उसले चाउरी परेको आफ्ना बूढ़ा हातहरू आकाशतिर उचालेर चोरमाथि ईश्वरहरूको विनाश आइपरोस् भनी सराप्न थाल्यो।

'बस्, काफी भयो, प्लोतसज्यू,' अर्खिपसले भने। तिनले अधिकारसहित बोल्न खोजे, तर तिनको स्वर काँप्यो। 'तिमीसँग तिम्रो सुनको टुक्रा छँदैछ, अनि म मेरो दासलाई घरमा लैजान्छु र न्याय गरिएको हेर्छु। पाउनुपर्ने जति दण्ड उसले पाउनेछ भन्नेमा म तपाईंलाई विश्वास दिलाउन सक्छु।'

'एउटा खोट–डाम!' ओनेसिमसतिर आफ्नो मुड्की हल्लाउँदै बूढ़ो मान्छे चिच्च्यायो। 'डामेर नै खोट बसाल्नुपर्छ। यही नै मेरो माग हो। म आफै नै आएर त्यो लगाएको म हेर्छु। म केटाहरूलाई विश्वास गर्दिनँ। मलाई आफै नै त्यसको मालिकसँग कुरा गर्न देऊ! म अरू कुनै कुराले होइन, तर एउटा खोट डामेमा मात्र सन्तुष्ट हुनेछु।'

'घर जानुहोस्, प्लोतसज्यू,' गधालाई घिस्स्याउँदै र त्यसमाथि चढ़्न भनी त्यस बूढ़ो मान्छेलाई मनाउन खोज्दै अर्खिपसले विन्ती गरे। 'तपाईं जसरी चाहनुहुन्छ, त्यसरी नै म यो खोटको कुरा मेरो बुवालाई बताइदिनेछु, र उहाँले नै निर्णय गर्नुहुनेछ। एउटा लाजघिन पचेको चोरलाई त्यत्तिकै

हलुकासँग छोड़िदिने मानिस, अहँ उहाँ हुनुहुन्न, म तपाईंलाई निश्चयता दिन्छु। न्याय गरिने नै छ। आऊ, दास!' अलिक अस्थिर हातले तिनले ओनेसिमसलाई अगाड़ि धकेलेर डाँड़ातिर उकालो लागे।

तर यो मामिला अर्खिपसको हातमा छोड़िदिने मनसाय त्यस बूढ़ो मान्छेको थिएन। आफ्नो रिसले उसलाई सामर्थी तुल्यायो, र भएभरको बल लगाएर उसले आफैलाई आफ्नो जनावरमाथि तान्यो। बिस्तारै ऊ उनीहरूका पाइलाहरू पछ्याउँदैथियो र नाना थरी गाली बक्दैथियो; उसको मुखबाट र्‍याल चुहुँदैथियो; दौड़धूप र आवेगले गर्दा ऊ थरर काँप्दैथियो।

'डामको चिन्ह, डामको चिन्ह,' भन्दै सुनारले यी शब्द घरिघरि दोहोर्‍याइरहेको थियो। यस प्रकारको चोरको चिन्हचाहिँ दासको निधारमा कहिल्यै नमेटिने गरी डामेर लगाइन्थ्यो र यसले त्यसको अपराध, साथै त्यसको मर्ने दिनसम्मको दासता घोषणा गर्दैथियो। यस्तो चिन्ह बोक्ने कुनै मान्छेले स्वतन्त्र मानिसहरूको बीचमा फेरि कहिल्यै आफ्नो शिर ठाड़ो गर्न सक्दैनथ्यो। अनि ओनेसिमस केवल तेह्र वर्षको थियो। उसको निम्ति त निक्कै लामो जीवन-यात्रा बाँकी नै थियो।

उम्केर भाग्ने एउटा मूर्ख विचारले उसलाई च्याप्प पक्र्यो, अनि हार खाएर उसले चारैतिर हेर्‍यो, तर भाग्ने ठाउँ कहीं पनि थिएन। टाउको लुकाउने कुनै ठाउँको पनि आशा नदिईकन माथिल्लो टार निक्कै माइलहरू परसम्म लमतन्न तन्किएको थियो, अनि त्यस स्वाँ-स्वाँ, फ्वाँ-फ्वाँ गर्ने अभागी बूढ़ोले गधामा छिट्टै उसको पछि-पछि लागेर उसलाई शहरमा घेरा हालिहाल्नेथियो। ऊ यदि खोचहरूको ढडेनतिर भागेको भए ऊ एउटा जङ्गली जनावरझैं खेदिएर समतिनेथियो। अब मृत्युले मात्रै उसलाई सहारा दिन सक्थ्यो, अनि कति आनन्दसहित उसले मृत्यु अँगाल्थ्यो होला, तर मृत्युलाई भेट्न सकिन्थ्यो र? उर्लिरहेको नदी एक माइल पर थियो, अनि ऊसँग कुनै हातहतियार पनि थिएन। 'हे भगवानहरूहो! कुनै ईश्वर छ भने' भन्दै उसले आफ्नो आतङ्कित हृदयभित्रदेखि पुकार्‍यो; 'हे ईश्वरहरूका पिता, अनि हे आर्टेमिस्, हाम्री माता! डामको चिन्ह होइन, अहँ, डाम होइन, ओहो, अहँ, नाई! खोटको चिन्ह होइन!'

थरथर काम्दै र कालोनीलो हुँदै अनि अर्खिपसद्वारा माथि डाँड़ातिर धपाइँदै अब ओनेसिमस फिलेमोनको मूल-घरमा पुग्यो। अर्खिपसले एउटा

बूढ़ो दासलाई ओनेसिमसलाई हतकड़ी लगाउने आज्ञा दिए, त्यसपछि एक शब्द पनि नबोलीकन र फर्केर पुलुक्क सम्म नहेरीकन तिनी आफ्नो बुवालाई खोज्न गए। त्यो बूढ़ो मान्छे तल ओर्लन असक्त थियो, अनि उसलाई आफ्नो गधासित ठीक फिलेमोनको निजी निवासभित्र नै पस्नुदेखि मुस्किलले रोक्न सकियो।

तिनीहरू कुरेर बसिरहे। बूढ़ो मान्छेको फतफतबाहेक सब शान्त थियो। घरको एका छेउमा गुँड़हरूबाट परेवाहरू घुरे। एउटी सानी नोकर्नी केटी झुलुक्क देखा परी र ओनेसिमसतिर दयाले भरिएको अनुहारले पुलुक्क हेरी। त्यस केटीको पातलो, सानो बान्की र काला कपालका चुल्ठाहरूले उसलाई अर्केको सम्झना दिलाए, अनि उसका आँखाहरूबाट हठात् आँसुहरू भलभली बग्न थाले। उनैले त्यो डाम-चिन्ह उसको निधारमा देखेकी भए नि? तर उसले अर्खिपसको अगाड़ि रुनुहुँदैन नै; सबभन्दा महत्त्वपूर्ण कुरा त्यही थियो। गाह्रोसँग साङ्लाले बाँधिएका हातहरू उठाएर उसले आफ्ना आँसु पुछ्यो।

त्यसपछि बाहिरी आगनको ढोकामा एउटा दास देखा पर्‍यो; त्यसले आगन्तुकलाई भित्र स्वागत गर्‍यो। गधा अघि बढ्न लागेको देखेर त्यसले थकित बूढ़ो मान्छेलाई त्यस गधाबाट ओर्लन सघायो र उसलाई तान्दै र बोक्दै फिलेमोनको उपस्थितिमा लग्यो।

फिलेमोन भित्री चोकतिर खोलिएको आफ्नो निवासको दैलोको सामु बसेका थिए। उनको पछिल्तिर छायाहरूमनि उनकी पत्नी अफ्फिया एउटा कपड़ामा बेलबुट्टा काढ्दैथिइन्। फ्रिगियाको सुनौला कसिदा-कला सारा रोमी संसारभर प्रशिद्ध थियो। उनकी पाँच वर्षकी छोरी पस्कासिया उनकै पाउनेर खेल्दैथिई। अर्खिपस एउटा खाँबोको पछिल्तिर आधा लुकेर आफ्ना बुवाको आदेशको निम्ति पर्खंदै उभिए। ओनेसिमसलाई यी कुराहरू एउटा सपनाझैं लाग्यो; त्यस बूढ़ो मान्छेको फतफताइसमेत टाढ़ा, एकदम टाढ़ा र अवास्तविक लाग्दथ्यो। सुनारले के भन्यो, उसले विरलै सुन्यो, न ता जसै ऊ त्यहाँ उभिँदा सबै आँखाहरूले उसलाई, एउटा मायालाग्दो र बन्धनमा परेको लायक जवानलाई नै हेरिरहेको वास्ता गर्‍यो। केवल उसको हृदयले स्वर उचालिरह्यो: 'नाई, डाम-चिन्ह होइन! डाम-चिन्ह

होइन!' तर उसले कसलाई गुहार गरेको, अथवा उसको पुकार सुन्ने कोही थियो कि थिएन, उसलाई थाहै थिएन।

एकाएक फिलेमोनको पाउमा लम्पसार पर्दै आदरले हो कि लछारोले गर्दा हो, कसैलाई पक्का भएन, त्यस बूढो मान्छेले कुरा यसरी तुऱ्यो: 'यसकारण हेर्नुहोस्, मेरा सम्माननीय मालिक, त्यसलाई डामेर चिन्ह लगाउनैपर्छ। हामी फलामहरू तताऔं, र म दण्डको साक्षी बनूँ र मेरो सानो घरतिर बाटो लागूँ। म एक गरिब मानिस हुँ, मालिक; तपाईंले यदि तपाईंको निगाहको सानो प्रमाण दिनुभए ता ...'

लम्पसार परिरहेको सुनारलाई फिलेमोनले बड़ो दिक्दारीमा पुलुक्क हेरे, त्यसपछि बिछुब्ध अनुहार लिएर बन्धनमा परेको त्यस केटातिर फरक्क फर्के र भावुक मुद्रामा उसलाई एक टक लगाएर नियाले। ओनेसिमस उनकै छोरासँग–सँगै हुर्केको थियो र बालककालमा उनकै पाउनेर ढुनुमुनु गर्दथ्यो। त्यस दासलाई दण्ड दिने आफ्नो इच्छा नभएको देखेर उनी छक्क परे; तर के गर्ने? अनुशासन त कायम गरिनैपर्छ र चोरहरूको निम्ति डाम–चिन्हचाहिँ प्राय: दिइने सजाय थियो।

उनले अत्यासलाग्दो पाराले भने: 'ठीक छ, त्यसलाई डाम–चिन्ह लगाइनेछ। यानुस, जाऊ, फलामहरू तताऊ र त्यस केटालाई मेरी श्रीमतीले त्यसका चिच्च्याहटहरू नसुन्ने ठाउँमा लैजाऊ!'

सबका आँखाहरू त्यस केटातिर लगाइएका थिए। ऊ अचानक आफ्नो सपनाबाट झल्याँस्स भयो। उसले सोझै आफ्ना मालिकतिर हेऱ्यो। 'तर मालिक,' दर्दनाक अनुविनयका साथ ऊ चिच्च्यायो: 'त्यो त मैले लिएको थिइनँ।'

'बेबकुफ!' अचानक एउटा झुसिलकिराझैं भऱ्याकभुरुक गर्दै उठिरहेको सुनार करायो: 'बेकुफ! झूट!'

फिलेमोनले यसको कुनै वास्ता गरेनन्। उनले एक टक लगाएर निरन्तर त्यस केटालाई नियालिरहे। 'उसो भए त्यो कसरी त्यहाँ पुग्यो त?' अलिक खिन्न स्वरमा उनले सोधे।

त्यो कसरी त्यहाँ पुगेको थियो हँ? यति बेलासम्म ओनेसिमसले आफ्नो पीरमर्का र त्रासमा डुबेकोले यो प्रश्न सोधेको थिएन। डामको चिन्हको विषयमा बाहेक अरू कुनै कुरा उसले सोचेको थिएन। तर यस

प्रश्नको उत्तर दिनु नै पर्छ। तीन छक परेर उसले मुख बाउँदै फिलेमोनतिर डिठ लाएर हेर्‍यो; त्यसपछि अचानक ऊ फरक्क अर्किपसतिर फर्केर तिनलाई ट्वाल्ल परेर हेरिरह्यो।

तर उनीहरूका आँखाहरू एक झिमिकको निम्ति मात्र जुधे। अर्खिपस रातोपिरो भए र उसबाट अनुहार हटाए। त्यहाँ निक्कै लामो चकमन्न छायो; सुनारको क्यार-क्यारले मात्रै त्यो भङ्ग भयो; अनि फिलेमोनले पहिले आफ्नो छोरातिर र त्यसपछि आफ्नो दासतिर हेरे। ओनेसिमसको टाउकोमा, त्यो फुट्ला झैं गरी रगत उर्लिरहेको थियो।

'हातहरूबिना सुन गायब हुनै सक्दैन,' फिलेमोनले अन्तमा भने; 'अनि त्यस कुकर्मको सजाय तँलाई थाहा थियो। त्यसलाई लगिहाल, यानुस! र काम झट्टै गरिहाल!'

अर्खिपसले एकाएक पाइला अघि चाले। तिनले ओनेसिमसलाई हेरेनन्, तर आफ्ना बुवाको अघिल्तिर हात जोड़ेर विन्ती गर्दै उभियो। 'बुवा! बुवा!' तिनले पुकारे; 'डामको चिन्ह होइन! ऊ त भर्खरको केटा हो। बुवा उसलाई क्षमा गरिदिनुहोस्! उसलाई लट्ठीले पिटियोस्, तर डामको चिन्हचाहिँ होइन!'

उसका बुवा अलिक हच्किए। अर्खिपसले आफ्ना खुट्टाले त्यस बूढ़ोलाई बाटोबाट एकातिर पन्साएर फिलेमोनको अघिल्तिर घुँड़ा टेके। 'बुवा, दया गर्नुहोस् ...!'

फिलेमोनको छेवैमा सुनिने एउटा नम्र आवाजले उनलाई फर्कन बाध्य बनायो। उनकी सुन्दर पत्नी अप्फिया आफ्नो हात उनको काँधमा राखेकी थिइन् र भयभीत हुँदै बोलिन्; किनभने न्यायको ठाउँमा तिनको छिर्ने ठाउँ थिएन। 'मेरा श्रीमान्, ऊ त हाम्रा पाहुनाहरूको अघिल्तिर तपाईंको सेवा गर्ने तपाईंको दास हो। के तपाईंले उसलाई बिग्रेको र कुरूप भएको हेर्न चाहनुहुन्छ? हाम्रो छोराले भनेझैं ऊ कलिलै छ। छड़ीहरूले उसलाई शिक्षा दिऊन्। यदि यस्तो दोहोरियो भने उसलाई डाम-चिन्ह लगाइयोस्!'

फिलेमोन तिनीतिर फिस्स हाँसे। उनी कहिल्यै कुनै कुरामा पनि तिनको कुरा इन्कार गर्न सक्दैनथे, अनि तिनका कोमल आकाँक्षाहरू घरका व्यवस्था थिए। उनी ओनेसिमसतिर फर्केर कड़ा स्वरमा कड्किए: 'तिमी भाग्यमानी रहेछौ। एउटी कृपालु मालिकनी साहेबको निम्ति ईश्वरहरूलाई

धन्यका भन, र भविष्यमा आफ्नो विषयमा होशियार बस! अब यानुससँग जाऊ र लट्ठीहरूबाट पाठ सिक! चुप सुनारज्यू, र गइहाल! मेरो दासले तिमीलाई कष्ट गराएबापत तिमीलाई एउटा सुनको टुक्रा दिइनेछ।'

बीस मिनेटपछि ओनेसिमस मूर्च्छित र ग्रस्त अवस्थामा आफैलाई घिसार्दै आफ्नो टहरोमा आइपुग्यो; उसकी आमाले कुनै प्रश्न गरिनन्; किनकि तिनी आफ्नो जीवनभरि नै दासी रहँदै आएकी थिइन् र दासको भाग्य यस्तै थियो। तर दैलानेर तिनले उसको ओछ्याउने तानिन्; किनभने टहरा गुम्म र हावाविहीन थियो, अनि रात खस्नु अघि नै आफ्नो छोरा ज्वरोले ग्रसित हुनेछ भन्ने तिनलाई थाहा थियो। त्यसपछि तिनले उसका घाउहरू सफा गरेर तेल लगाइदिइन् र मुहानबाट उसलाई ताजा, चिसो पानी ल्याइदिइन्। साँझ नपरुन्जेल आफ्नो मुहार आफ्नो अँगालोमा अड्याउँदै ऊ हलचल गर्न साह्रै चस्स र अररो भएर शान्तसँग ढलिरह्यो, तर उसको दिमाग भने चूर भएर काम गर्न थाल्यो।

हो, त्यो कसरी त्यहाँ पुग्यो त? अब उसले बल्ल यो रहस्यको चुरा फेला पारेको थियो र उसलाई थाहा भयो। कहिले होला, ओहो, कहिले ऊ स्वतन्त्र होला? आफ्नो ईख फेर्ने दिन कहिले आउला? उसको घृणाको प्रबल इच्छा र उसको घृणा पोख्ने मौका नभएकोले उसलाई पागलसरह बनायो। ऊ एउटा दास त थियो; यसैले बसेर घृणा गरिरहन उसले सक्थ्यो; घृणा गर्नुबाहेक गर्न सक्ने अरू के-के पो थियो र?

'आमा,' कठीनसँग आफ्नो टाउको फर्काउँदै उसले बोलायो; 'चुल्होको ढुङ्गोमनिको माटोको खुत्रुकेमा कति पैसा छ हँ?'

'त्यही तिम्रो सुनको सिक्का, अनि केही तामा र ढलौटका सिक्काहरू त छ,' उसकी आमाले मधुर भावमा जवाफ दिइन्; 'तर समय आउँछ; धैर्य गर, मेरो छोरा! तिम्रो बुवाजस्तो नहोऊ, जसले आफ्नो विधाताको विरोधमा विद्रोह गर्दै आफ्नो जीवन बरबाद गरे। ईश्वरहरूले सब जान्दछन्।'

हिलो बाटोमा पाइलाका पदचापहरू सुनिए, अनि आफ्नो हातमा एउटा कचौरा बोकेर अर्खिपस टहरोको कुनामा फन्को मारेर आए; त्यो दाखमद्य, गन्धरस र तेलको समिश्रणयुक्त एउटा कचौरा थियो। जब तिनी बोले, तिनको आवाज धरमरिएको थियो; तिनले विन्ती बिसाइरहेका थिए। 'मैले तिम्रा घाउहरूको निम्ति अलिकता द्रब्य-झोल ल्याइदिएको

छु,' तिनले भने; 'अनि, अनि मलाई खुशी लाग्यो, तिमीलाई डाम-चिन्ह लगाइएन।'

ओनेसिमसले त्यो कचौरा लिएर जति सक्दो बल झिकेर उसले त्यसलाई भुइँमा झ्याम्म फ्याँकिदियो र थुकिदियो। अर्खिपस भागे; अनि ओनेसिमसले केही शान्त महसुस गऱ्यो। उसको घृणाको धूवाँ छुट्ने चिम्नी खोलिदिनु त द्रब्यभन्दा ठूलो ओखती रहेछ। भोलि अर्खिपस लओडिसिया जानेथिए, र उसले दिनभरि नै तिनीमाथि आँखा लगाउन कुनै खाँचो हुनेथिएन। अनि त्यसपछि ... दिनदिनै हेरिटल्नु असल थियो होला।

लओडिसिया जाने आफ्ना मालिकलाई साथ दिन ऊ साह्रै अररो र लङ्गड़ो हुने कुरामा खुशी थियो। आइरीन्को सामु एउटा आज्ञाकारी नोकर भई उभिरहेको देखा पर्न र अर्खिपसले यो गर, त्यो गर भनेको उसले रुचाएन। जुन दिन उनीहरू दुवैजना स्वतन्त्र केटाकेटी भई एकसाथ थिए, अनि त्यस ढडेनको खोचमा नीलो पोखरीमा आ-आफ्ना खुट्टाहरू चप्ल्याक-चप्ल्याक चोबलिरहेका र हाँसिरहेका थिए, उनले त्यसै दिनको सम्झना मात्रै सँगाली राखून्। उसको कल्पनाले उसको पीड़ा अलिकता कम भयो। ऊ व्याकुल निद्रामा डुब्यो, र उसले एउटा सपना देख्यो। त्यस सपनामा उनीहरू फेरि त्यस खोचमा एकसाथ थिए, तर यसपालि आइरीन्चाहिँ उनलाई पछ्याउने ईशारा गर्दै अघि-अघि दौड़िरहेकी थिइन्। झरना सुसाइरहेका थियो, तर चट्टानहरूको बीचमा उम्रेको घाँस भने खुट्टाको निम्ति मुलायम थिए, र बसन्तका फूलहरू उनको गोरेटोमा ढकमक्क छाइरहेका थिए। अनि उसलाई थाहा थियो: उनी छरिता चालमा माथि, अझ माथि चढ्दै गुप्त तालहरू र हिमाली टाकुराहरूतर्फ उकालिरहेकी, स्वतन्त्रता, सुन्दरता र जीवनतर्फ गइरहेकी थिइन्, अनि ऊचाहिँ स्वतन्त्र भई उनलाई पछ्याउँदैथियो। त्यसपछि ऊ निस्पट्ट अन्धकारमा दुखाइ र ज्वरोको साथ बिउँझ्यो र आफ्नी आमालाई बोलायो।

भोलिपल्ट उसले आफ्नो जीऊ डाँड़ाको पाखातिर घिसाऱ्यो र घाम आकाशमा माथि नपुगेसम्म ऊ आराम गर्दै बसिरह्यो। यसरी सेक्दै उसको अररोपना अलिक कम भयो। माथिल्लो टार-पारी लओडिसियातिर बाटो

लागेको जात्रा बेंसीतिर झर्ने पहिलो ओरालोमा अलप नभएसम्म उसले हर्दैथियो। अर्खिपस र फिलेमोन लओडिसियाका कारखानाहरूमा सानदार ढङ्गले बनेका रङ्गिन कोटहरू पहिरेर घोड़ाहरूमाथि सवार हुँदैथिए। केही दासहरू गधाहरूमाथि बसेर पछ्याउँदैथिए, अनि ओनेसिमसले आफ्नो कल्पनामा तिनीहरूलाई पछ्यायो।

तिनीहरू तल्लो भूखण्डतिर ओरालो जानेथिए, जहाँ जमिन हरियोभरियो, न्यानो र आरामदायी थियो, जो माथिल्लो भूखण्डतिर कुर्लने बतासहरू र हिउँले ग्रस्त थिएन। त्यसपछि बेंसी सोझै तिनीहरूको तलतिर हुनेथियो। तिनीहरू ढुङ्गे गल्लीहरूमा नाङ्गा दाखबारीहरू र सेता जैतुन-घारीहरूको बीचबाट तल फट्को मार्नेथिए र बेंसीमा पूर्वी राजमार्गमा पुग्नेथिए।

पूर्वी राजमार्ग! यी शब्दहरूले नै उसलाई कुतकुत्याए; किनकि चारओटा विशाल-विशाल राजमार्गहरू लओडिसियामा एकत्रित हुन्थे, अनि यात्रीहरूलाई जता मन लाग्यो, त्यतैतिर लाग्न सक्थे; तिनीहरूको सामु संसार खुला थियो। धेरैपल्ट ओनेसिमस आफ्नो कल्पनामा यी सड़कहरूहुँदो यात्रा गर्दथ्यो। उत्तर-पश्चिम लाग्दा फिलाडेल्फिया र सार्डिसतिर पुगिन्थ्यो; सार्डिस धनाढ्य विलासी शहर थियो, जसको बजारैनेरबाट सुन भएको खोला बगिरहन्थ्यो। उत्तर-पूर्व जाँदा फ्रिगियाका मैदानहरूतिर, टाउरसका पहाड़हरू, सिलिसियाका द्वार नामक भन्ज्याङ्गबाट भएर मरमसला र हात्ती-दाँत पाइने देशहरूतर्फ पुगिन्थ्यो; दक्षिणमा पर्गातिर पुगिन्थ्यो, जहाँबाट पहाड़हरू समुद्री किनारासम्म होचो हुँदै जाँदैथिए; पश्चिममा एफेससको विशाल समुद्री बन्दरगाह, नीलो एगेयी समुद्र, टापुहरू, उसका बुवाको देश, र ईश्वरहरूका पहाड़हरू पर्थ्यो। बसन्तको घामलाई उसलाई न्यानो बनाउन र निको पार्न दिँदै ऊ दिउँसोभरि आलस्य बन्दै पल्टिरह्यो। तब अचानक ऊ आफ्ना रमाइला सपनाहरूबाट झस्कियो; किनभने उनीहरूको घरतिर पुऱ्याउने गोरेटोमा डाँड़ातिर एकजना मानिस उक्लँदैथिए।

ती मानिस त्यति बूढ़ा त थिएनन्, तर थकित देखिन्थे र लौरो टेक्दैथिए। उनी खासै चिटिक्क खालका मानिस थिएनन्, तर उनमा कुनै यस्तो कुरा थियो, जसले ओनेसिमसको ध्यान खिच्यो। शायद यो

उनको फितलो चेहराको शान्त सामर्थ्य थियो वा उनका नयनहरूको स्वच्छता। उनीको पहिरन साधारण थियो, अनि जब उनी ओनेसिमसको नजिक आए, तब उनी स्थानीय फ्रिगिया भाषामा बोले।

'मेरो छोरा, तिमीलाई अनुग्रह र शान्ति होस्,' ती मानिसले भने; 'फिलेमोनको घरबारी यही हो, होइन र? के उनी घरमै छन्?'

'हो, उहाँको घर यही हो,' ओनेसिमसले जवाफ दियो; 'तर उहाँ घरमा हुनुहुन्न। उहाँ त काम विशेषले लओडिसियातिर सवार हुनुभएको छ, अनि शायद घाम नढल्केसम्म उहाँ फर्कनुहुन्न होला।'

'उसो भए उहाँलाई भनिदेऊ, उहाँको पुरानो मित्र एपाफ्रास उहाँलाई भेट्न आएका थिए,' ती मानिसले भने; 'उहाँले सम्झनुहुनेछ; किनभने हामी बालककालदेखि यहीं सँगै हुर्केका थियौं। उहाँलाई भनिदिनू: म मेरो पुरानो घरमा बस्दैछु र फेरि उहाँलाई भेट्न आउनेछु।'

'होस् हजुर,' ओनेसिमसले जवाफ दियो। तर ती मानिस त्यहाँबाट हिँड़ेनन्। बसन्तको हरियालीले सुन्दर बनाइसकेको, खल्टाखुल्टी परेको बेंसीको दृश्य स्वादन गर्दै उनी ठिङ्ग उभिए। उनका आँखाहरूले दृश्य यताउति हेर्दै रहे: खोलाले फनक्क फेर मारेको बेंसी, शानसँग बसेको त्यो सानो डाँड़ा, जहाँ लओडिसिया अवस्थित थियो र हिरापोलिसका चुनाका पत्थरले बनेको त्यो सेतो किल्ला।

'यो कति सुन्दर भूमि हो,' उनी अचानक बोले; 'म केही क्षण बसेर आराम गर्छु; किनकि म घाम झुल्केदेखि नै हिँड़ेको हुँ। अनि तिमीले यदि मलाई एक बटुको चिसो पानी ल्याइदिन सक्छौ भने ता म तिमीलाई मुरी-मुरी धन्यवाद दिन्छु।'

ओनेसिमस अररो परेर अनि ऐया-आत्था गर्दै आफ्नै खुट्टामा खड़ा भयो र आफ्नो टहरोतिर लरखरायो। उसकी आमा घरमा थिइनन्, तर मालिकनी साहेब अप्फियालाई सघाउँदैथिइन्; तर उसले ताजा पानी झिक्यो र एक थालभरि जैतुन, खजुर र सुकेका नेभाराहरू बड़ो गजबले र होशियारसँग सजायो। के जेऊस र हर्मेस उहिले पूर्वतिरबाट आएर फिलेमोन र बाक्खुसलाई लिस्त्रामा भेटेका थिएनन् र? अनि के तिनीहरूले उनीहरूलाई अतिथि सत्कारको निम्ति खूब ठूलो इनाम दिएका

थिएनन् र? यी कुराहरू घटेका थिए। अनि हुन सक्छ, यो घटना फेरि घट्ला। यस मानिसको चेहरामा एउटा ज्योति थियो; यसले उनलाई अन्य मानिसहरूभन्दा फरक तुल्याएको थियो।

ओनेसिमस फर्क्यो र आदरसाथ उनको छेवैमा उभियो। 'तिमी त पीड़ामा छौ, मेरो छोरा,' ती मानिस शान्तसँग बोले। 'मेरो छेउमा घाँसमाथि बस, र के भएको थियो, सो मलाई भन!'

ओनेसिमस सजिलोसँग बस्यो र निधार खुम्च्यायो। 'म त एउटा दास हुँ, हजुर,' उसले भन्यो; 'र हिजो मैले गर्दै नगरेको अपराधको खातिर म लाठाहरूले चुटिएँ।'

'त्यो त अति नै भयो,' एपाफ्रासले भने; 'तर यस्तो त पहिले पनि भएको थियो। येशू ख्रीष्टलाई यस्तो भयो। उहाँले कहिल्यै गर्दै नगर्नुभएका अपराधहरूको खातिर तिनीहरूले उहाँलाई क्रूसमा टाँगे। तिनीहरूको क्षमाको निम्ति उहाँले प्रार्थना गर्नुभयो।'

ओनेसिमस रिसले चुर भएर चलमलायो। येशू ख्रीष्टको कुरा फेरि! के यस नामले सधैं नै उसलाई पिछा गरेर खेदो गर्नुपर्छ? क्रूसमा टाँगिएको यस बिचरो कमजोर व्यक्ति। तर उसले आफ्नो रिस थाम्यो र नम्र भएर जवाफ दियो।

'हजुर, तिनीहरूले उहाँलाई क्रूसमा टाँगे; यसले उहाँलाई खासै फरक पारेन, पार्‍यो त? बरु तिनीहरूको विरोध गर्नु जाती हुन्थ्यो होला। मेरो विचारमा, आखिरमा आएर तिनीहरूले उहाँलाई जिते।'

'अनि अहिले परमेश्वरको दाहिने बाहुलीतर्फ महिमामा उठाइएर बस्नुभएपछि उहाँ आफ्नो प्रेमद्वारा हजारौं मानिसहरूलाई जित्दै हुनुहुन्छ। प्रेम मृत्युभन्दा सामर्थी छ र घृणाभन्दा बलियो छ। प्रेमले आखिरमा सबैलाई जित्दछ। यसले मलाई पनि जितेको छ।'

'तर म आफूलाई जित्न दिन्नँ,' ओनेसिमसले अड़ान लिएर भन्यो; 'जीवनभरि नै म एक दास भएर आएको छु, तर एकदिन म छुटकाराको दाम तिरेर स्वतन्त्र हुनेछु। म स्वतन्त्र हुन चाहन्छु। जहाँ मलाई मन लाग्छ, त्यहाँ जान चाहन्छु; मलाई जस्तो मन लाग्छ, त्यस्तै गर्न चाहन्छु। म बदला लिन चाहन्छु। यस बन्धनबाट मलाई घृणा लागेको छ। मलाई झूटा दोष लगाउनेहरू र मलाई विनाकारण सजाय दिनेहरूलाई म घृणा गर्छु।'

'तर येशू ख्रीष्टले आजै तिमीलाई स्वतन्त्र तुल्याउन सक्नुहुन्छ,' ती मानिसले जवाफ दिए, र उनको आवाज हर्षोल्लासले बुलन्द भयो; 'उहाँले तिमीलाई तिम्रो घृणा र असन्तुष्टिदेखि स्वतन्त्र पार्न सक्नुहुन्छ। मलाई भन, के तिम्रो घृणाले तिमीलाई खुशी तुल्याउँछ ?'

ओनेसिमसले जवाफ दिनै आँटेको थियो, तर ऊ हच्कियो। उसले अचानक सम्झ्यो – कसरी रातभरि ऊ तकियामाथि आफ्नो घृणामा घ्वाँ-घ्वाँ रोएको थियो र अन्धकारलाई धिक्कारेको थियो; कसरी झिसमिसे उज्यालो कहिल्यै देखा पर्दैन होला भनेर उसले विचार गरेको थियो। उसले यो पनि सम्झ्यो – उसकी आमाका नयनहरूमा छाएको शान्ति, जब उसकी आमा उसका घाउहरू धुन र उसलाई पिउने कुरा दिन उठेकी थिइन्। भावुक हुँदै उसले एकोहोरो शून्यतिर हेर्‍यो; त्यसपछि उसका आँखाहरू बेंसी-पारिको त्यो शानदार शहरमा अड़िए। अनि उसको सम्झनामा फेरि त्यस दिउँसोमा आयो, जति बेला एउटी सानी लओडिसियाकी भगुवा मैयाँले उसको मनलाई बन्धकी बाँधेर हिँड़ेकी थिइन्। धूमिल भएर पनि उसले पहिलो चोटि जित्नको निम्ति घृणा र संघर्षबाहेक अरू उपायहरू पनि रहेछन् भन्ने महसुस गर्‍यो। उत्तर उसका ओठहरूमै हरण भयो।

# ५

'यस शिक्षाले अनन्त जीवन र आनन्दको एउटा दृढ़ आशा ल्याउँछ भने त हामी यसमा ध्यान दिऔं!' यसो बोल्नेचाहिँ अप्फिया थिइन्; आफ्नो हात आफ्ना पतिको घुँड़ामाथि राखेर र आफ्नो मुहार उनकोमा अड्याएर तिनी बोलिन्। यो बिहान एपाफ्रास आफ्नो बालककालका मित्रलाई भेट्न आए; एक-अर्कालाई भेट्दा उनीहरूका हृदय हर्षले विभोर भएका थिए, अनि फिलेमोनले भव्य भोज आयोजना गरेका थिए। तर एपाफ्रासले उनी भेट्न आएको वास्तविक कारण प्रकट गर्दा खाना चिसो भएर गएको थियो र कसैले नछोएर त्यत्तिकै रहेको थियो। दिउँसोभरि उनी र फिलेमोन कुरा गरेका र तर्क-वितर्क गरेका थिए। अर्खिपस आफ्ना घुँड़ाहरू समात्दै बसेका थिए अनि एकचित्त र शान्त भई सुनिरहेका थिए। आफ्नो शीतल कोठामा अप्फिया पनि चाल नपाइने गरी सुनेर बसिन्; किनभने यो पुरुषहरूको बातचित थियो, र तिनले पनि ध्यानसित सुन्दैछिन् भन्ने कुरामा कसैले ख्यालै गरेन।

अब पाहुना गइसकेका थिए र सबै, अँ जुठो नहालिएको खाना पनि पन्छाइएको थियो। अर्खिपस आफ्ना कामहरूमा हिँड़िसकेका थिए, अनि फिलेमोन र अप्फिया एक्लै छोड़िएका थिए। तब त्यस साँझको शान्त समयमा तिनी आफ्नो कोठाबाट निस्केर आफ्ना पतिको पाउनेर होचो मुढ़ामा बसेकी थिइन्।

'मृत्युदेखि मलाई साह्रै डर लागेको थियो,' अप्फिया ठूलो स्वरले भनिन्; 'ती हिउँदहरूमा, जसमा माई-देवीले पातालमा फर्केर गएकी

आफ्नी छोरीको निम्ति विलाप गर्थिन्, अनि चट्टानहरूहुँदो बतास ऐया-आत्था गर्थ्यो, अनि भीर परेका ढडेनहरूहुँदो स्यालहरू हुङ्कार छोड्थे; जब ती रातहरू लामा र निस्पट्ट अँध्यारा हुन्थे; त्यति बेला मैले धेरैपल्ट विचार गरें: हो, मृत्यु यस्तै हुन्छ होला। पातालको छिसो अँध्यारोमा प्रवेश गर्दा यस्तै हुनुपर्छ, जहाँ हराएका आत्माहरू सुस्केरा हाल्छन्। हाम्रो फ्रिगियाको रीतिअनुसार हाम्रा मृतकहरू यी चिहानरूपी ढोकाहरूबाट भएर अधोलोकमा प्रवेश गर्छन्, तर यी ख्रीष्टबाहेक अरू को नै पो उनीहरूको गन्तव्य के-कस्तो छ, सो बताउन फर्केर आएको छ र?'

'तर मेरी प्रिया,' फिलेमोन निक्कै प्रभावित हुँदै र आफ्नो विषयमा अनिश्चित भएर यसो बरबराए; 'एक क्रूसमा टँगाइएको यहूदी, एउटा गालिली गृहस्थी, रोमीहरूले मृत्यु-दण्ड दिएका! यो त बड़ा ताजुब छ बा।'

सानी पस्कासिया कोठाभित्र ढुनुमुनु गर्दै आई, अनि उसकी बुवाले उसलाई आफ्नो काखमा उठाए।

'तर उनी मृत्युमाथि विजयी भए,' अप्फियाले थापिन्; 'अनि उनले आफ्नै स्वेच्छाले त्यस क्रूसको मृत्यु सहे। कसैले पनि उनलाई जित्न सकेनन्। एपाफ्रासज्यूले भनेको के तपाईंले भुल्नुभयो? उनको मृत्यु त प्रेमको चिन्ह र प्रायश्चित गराउने बलिदान थियो। के हाम्रा देवीदेवताहरूमध्ये कुनैले हामीलाई यति प्रेम गरेको छ र? सिकारी देवी आर्टेमिस नाश गर्न हाम्रो पछि-पछि लखेट्छिन्; अनि जेऊस त आकाशबाट हामीलाई चट्याङले प्रहार गर्छन्; हामी भूतप्रेतहरूदेखि डराउँछौं, जो सदैव चट्टानहरूहुँदो बसेर तर्साउँछन्, साथै देवीदेवताहरूको डर मान्छौं, जसले हाम्रो कुनै मतलब राख्दैनन्। के उनी आएजस्तै ती हामीकहाँ आउँछन् र? अनि हामीलाई 'नडराओ!' अथवा 'बाटो म नै हुँ' भन्छन् र?'

'चुप लाग,' सम्पूर्ण तवरले आतङ्कित हुँदै फिलेमोन बोले। 'देवीदेवताहरूको श्रापदेखि तिमीलाई डर लाग्दैन, र तिमी त्यसरी बोल्ने साहस गर्छ्यौ?'

'माथि बादलहरूहुँदो देवीदेवताहरू छन् भने,' अप्फिया साहससँग बोलिन्; 'एपाफ्रासले त एउटा परमेश्वरको विषयमा बताए, जो तल हामीकहाँ आउनुभयो, हामीमाथि प्रेमले टिठ्याउनुहुन्छ, र हाम्रा निम्ति कष्ट

भोग्नुभयो; अनि मेरो मनले यही परमेश्वर नै साँचो परमेश्वर हुनुहुन्छ भनी भन्दछ। आज राति म उहाँलाई पुकार्छु; अनि हे मेरा खसम, एपाफ्रासज्यूले जसरी गर्न भनेका छन्, त्यसरी नै मसँग पनि प्रार्थना गर्न म हजुरलाई औंला जोड़ी विन्ती टक्राउँछु।'

निक्कै बेरसम्म फिलेमोन चुपचाप बसे। केही नसुन्ने गरी चाल मारेर हिँड्ने एउटा दास बत्तीहरू जलाउन भित्र आयो, तर मालिकले त्यसलाई पर फिराइदिए, अनि कोठा पूरै अँध्यारो भयो, र दाखका मचान-हरूमाथिबाट ताराहरूले तल उनीहरूमाथि मधुरा प्रकारले चम्के। त्यसपछि पहाड़हरू पछिल्तिरबाट चन्द्रमा उदायो र चाँदनी रोशनीमा सानो चोकलाई आफ्नो छटाले छोप्यो।

'तर हाम्रो कामधन्दा बिग्रन्छ, र हामीले हाम्रा ठेकाहरू गुमाउनुपर्छ,' उनले अन्तमा भने; 'मानिसहरू ढुङ्गाले हानिए, मारिए र क्रूसमा टँगाइए; किनभने उनीहरूले यही ख्रीष्टलाई पछ्याएका थिए। ती पावल, जसको विषयमा एपाफ्रासले कुरा गर्दैथिए नि, दुई-तीन पल्टसम्म गलातियामा बित्थामा मरणाशन्न तुल्याइएका थिए, अनि म्यासिडोनियामा चुटिएका र झ्यालखानामा हालिएका थिए। तिमीले चुकाउने मूल्यको ठेक्का राखेकी छ्यौ के, अप्फिया?'

'महिमा र अनन्त जीवन,' तिनले धीमा गतिमा जवाफ दिइन्; 'अरू मानिसहरूले त यी दुःखहरू खपेका छन्; तब हामी पनि सक्छौं नै। पावलले यो सन्देश एफेससमा प्रचार गरिरहेछन्, र तिनीहरू भन्छन्: यो त गृष्म याममा सल्केको डढ़ेलोझैं फैलिरहेको छ रे। हिरापोलिसमा, लओडिसियामा, स्मर्नामा र फिलाडेल्फियामा विश्वासीहरू छन्। उनीहरू भन्छन्: सार्डिसमा समेत केही छन् रे। यही ख्रीष्टको प्रेमको आगो सल्किँदै फैलिरहेको छ, मेरो खसम, र म विश्वास गर्छु, एकदिन सारा संसारभरि नै यो पूरापूर प्रज्वलित हुनेछ।'

'सुन,' शङ्का र डरको बीचमा विच्छिन्न बन्दै फिलेमोन बोले; 'म यसो गर्नेछु; हिजो मात्र पोलेमोनज्यूले एफेससको समुद्री बन्दरगाहमा गएर उनका मित्रहरूलाई भेटेर संगठनमा सामेल भई त्यसमा संगठित हुने कोशिश गर्न मलाई खूबै कर गरे। उनीहरू ऊन निर्यात गर्छन्, र पोलेमोनले मलाई एक इमान्दार साहुजी भनेर सविस्तार बताइदिएछन्। आर्टेमिस

पर्वको बेलातिर जान र अर्खिपसलाई साथमा लान मैले अगाड़ि नै योजना बनाएको थिएँ। म आफ्नो व्यापारमा भुलुँला, अनि ऊचाहिँ खेलहरू र चाड़हरूमा मनमस्ती गर्ला। ओनेसिमस साथमा जान सक्छ र उसको सेवा गर्छ; त्यसरी म स्वतन्त्र हुन्छु। तब म आफैचाहिँ यी पावललाई भेट्नेछु र उनले के भन्छन्, त्यो आफ्नै कानहरूले सुन्नेछु। म धेरै बियालो गरेर बस्दिनँ; किनकि त्यस बेला भेड़ा कत्रने बेला हुनेछ, तर ती पुराना दासहरू मनग्य विश्वासयोग्य छन्, अनि मेरो अनुपस्थितिमा तिमी कामकुराको बन्दोबस्तोमा आँखा लगाउन सकिहाल्छ्यौ।'

अप्फियाले आफ्ना पतिलाई चुम्बन गरिन् र पस्कासियालाई ओछ्यानमा लगिन्। फिलेमोन निक्कै बेरसम्म सोचविचार गर्दै बसिरहे। तर अर्खिपसले निदाउन सकेनन्, तर आफ्नो पलङमा छटपटिँदै यताउता पल्टिएका थिए। तिनले गरेको अपराधको भारले तिनको विवेक अघोरसँग थिचेको थियो; किनकि आज एपाफ्रासज्यूले पाप र न्यायकै विषयमा बढ़ी कुरा गरेका थिए। उनले पश्चात्ताप र पाप–क्षमाको बारेमा पनि भनेका थिए; तर पश्चात्तापको मतलब पाप मानिलिनु थियो; अनि यी घमण्डी जवान अर्खिपसको निम्ति त्यो सर्त साह्रै कठीन थियो। यसकारण तिनी निदाए र बिउँझे, अनि औडाहाले छटपटिएर फेरि सुते, अनि फेरि उठे। अन्तमा भाले नबासुन्जेलसम्म तिनले अन्धकारलाई हेला गरे। तिनी खुशी भए; किनभने अब चाँड़ै झिसमिसे उज्यालो तिनको कोठाको सानो झ्यालबाट छिर्नेथियो, र एक नयाँ दिनको आगमनसँगै तिनले बिर्सन पाउनेथिए होला। तिनी गएर ओनेसिमसलाई उनीहरू आर्टेमिस पर्वमा जाँदैछन् भन्ने कुरा बताउनेथिए र हुन सक्छ, आफ्नो उमङ्गमा ओनेसिमसले पनि बिर्सन्थ्यो कि ?

आर्टेमिस पर्व जेठ महिनामा पर्दथ्यो। अनि यतिखेर चैत्र महिना भइसकेको थियो; यसकारण तयार होइसक्नलाई निक्कै कठीन थियो। ओनेसिमस जो एउटा जवान साँढ़ेजस्तै बलियो थियो, आफ्नो चुटाइबाट छिट्टै निको भयो र मनमनै उल्लासित थियो, तर अर्खिपसको अघि भने ऊ उदासीन, आज्ञाकारी बनिरह्यो र अलिकति पनि यसको आनन्द देखाएन।

आखिरमा यस महान् दिन आयो, अनि झिसमिसेमा लावालस्कर बाटो लागे। मूल–ढोकामा घोड़ाले तान्ने, हल्का, खुला, दुईपाङ्गे वाहन

फिलेमोनको निम्ति पर्खिरहेको थियो; एक वरिष्ठ दास त्यसको चालक थियो। एउटा छरितो घोड़ामाथि चढ़ेर अर्खिपस आफ्नो बुवाको छेउमा तयार भए। ओनेसिमस र अर्को एक कारिन्दा भारीहरूसँग छिटो हिँड्ने गधाहरूमा पछाड़िबाट आउनेथिए।

अन्त्यमा फिलेमोन अप्फियासँग देखा परे; तिनी उनको छेवैमा थिइन् र उनकी छोरी उनको अँगालोमा थिई। उनकी पत्नीले उनलाई विन्ती गरिरहेझैं देखिन्थिन्; किनकि तिनको अङ्कोमाल उनले बिस्तारै खुकुलो पारेर तिनको हातमा चुम्बन गरे र मसिनो सोरले भने: 'प्राण-प्रिया, तिमीलाई शान्ति होस्! म बिर्सन्नँ र म सबै कुरा तिमीलाई बताउनेछु।' त्यसपछि उनले त्यो झुण्डिरहेको नानी तिनलाई थमाए; उनी वाहनमा चढ़े। दासले अधिर जनावरको लगाम तान्यो र राम्रै गतिमा उनीहरू छुटे।

माथिल्ला फाँटहरूमा चैतका पछिल्ला दिनहरूमा बसन्तको चरमसिमा थियो। लिलीहरू र पदम पुष्पहरूले कुलुकुलु बगिरहेका खोलानालाहरूलाई परसम्म पछ्याए। मोटा-मोटा भेड़ाहरू सयपत्रि र गुलावी बुकीफूलका खर्कहरूमा बुर्कुसी मार्दैथिए अनि भर्खरै कत्रिएका भेड़ाका म्याँ-म्याँले हप्प हावा भरिएको थियो। जसै उनीहरू बेंसीतिर ओर्लंदैगए, ओनेसिमसले फिक्का खैरा रूखहरूबाट खरायोका कानहरूजस्तै झुल्किरहेका नेभाराका पाउलाहरू ख्याल गर्‍यो। साँच्चै नै पृथ्वी साह्रै उत्तम रहेछ। प्रकृति-माताले तिनको बाटो हेरिरहेकी धरतीमाथि बसन्त फिजाएकी थिइन्। सूर्य-देवता आकाशको एक छेउदेखि अर्को छेउसम्म आफ्नो रथमा सवार गर्दैथिए, अनि उसलाई न्यानो र प्रफुल्ल पार्दैथिए। अनि सौन्दर्यकी देवी अफ्रोडिटेले चाहिँ लिलीहरू र कलिलो, हरियो गहुँबाट, साथै सेता बादलहरू र हिरापोलिसको पछिल्तिर आङ फिजाएर बसेका पहाड़हरूबाट उसको हृदय खिच्ने गरी बोलाउँदैथिइन्। यिनीहरूभन्दा अन्य देवीदेवताहरूको चाह उसले गरेन। हो, आज पृथ्वी पूरापूर असल थियो। उसले आफ्नो दासता भुलेको थियो।

तल जैतुन-घारीहरूहुँदो गएको खल्ट्याङ-खुल्टुङ बाटो फराकिलो भयो, अनि उनीहरूका बस्तुभाउहरूको टक-टक आवाज पूर्वी राजमार्गमा घन्कियो। जब उनीहरू वाहनहरू र पश्चिमबाट आर्टेमिस पर्वमा यात्रा गरिरहेका तिर्थ-यात्रीहरूको भीड़सँग मिसिए, तब ओनेसिमसको हृदय

गद्गद भयो। तिनीहरू एसियाको हरेक भागका तिर्थ-यात्रीहरू - उत्तर, दक्षिण, पूर्व र पश्चिमबाट अँ, पाम्फिलिया, फ्रिगिया, गलातिया, बिथिनियाबाट र शायद अझै परबाट आएर यहाँ एकत्रित भएका थिए; किनकि पूर्वी राजमार्ग टाढ़ा, अति टाढ़ा विशाल नदी यूफ्रेटिससम्म पुगेको थियो।

अब उनीहरू त्यस ठाउँमा आइपुगेका थिए, जहाँ दुई नदीहरूको संगम थियो। लुकस-नदीको साँघुरो बेंसी मियन्डरको उर्वर उत्पयकासँग मिलेर फराकिलो भएको थियो। यतिखेर उनीहरू ठीक लओडिसियाका पर्खालहरूमन्तिर सरासर बेपर्वाहसित टक-टक अवाजमा अघि बढ़्दैथिए, जुन शहर बेंसीदेखि एकसय पचास फिटजति अग्लो भएको एउटा सानो ढिस्कोमा अवस्थित थियो। यसका किल्लाहरू अति बलिया थिए, अनि यसको सिरियातर्फको द्वार भने खुला थियो, अनि पैदल यात्रीहरू अरू तीर्थ-यात्रीहरूसँग ताँती लागेर मिसिए।

'एकदिन त्यस ढोकाबाट म एक स्वतन्त्र मानिस भएर हिँड्नेछु,' ओनेसिमसले आफैलाई भन्यो, अनि सौन्दर्य र स्वतन्त्रताको लड्डु घिउसँग खाँदै गयो। के सानी मैयाँ आइरीन् आज बिहान मैदानहरूमा निस्केकी होलिन् र? पदम पुष्प र लिलीहरू बटुल्दैथिइन्? एकदिन उनीहरू सँगै फूलहरू बटुल्नेथिए। आज त जुनै कुरा पनि सम्भव थियो; किनभने ऊ लायक जवान, बलियो र हर्षित थियो, अनि बसन्तको मौषम थियो।

लओडिसियाबाट एफेससम्म सय माइल थियो, र हतार गर्न असम्भवै थियो; किनकि जब तिनीहरू पश्चिमतर्फ अघि बढ़े, तब राजमार्ग खचाखच घुँइचो भयो; किनकि वाहन, पाल्कीहरू, बयल-गाड़ाहरू, लदिएका गधाहरू र घोड़ाहरू सबै त्यही बाटोमा जाँदैथिए। दोस्रो दिनमा पछिल्लो सरकारी कार्यालयबाट छिटो कुद्ने घोड़ाहरूले तानिएको द्रुतगामी रोमको हुलाक-वाहक हुँइकिँदै राजमार्गमा आइरहेको थियो। चालकले आफ्नो हर्न बजाउँदै हरेकलाई बाटोबाट हटिजाने चेतावनी दिँदैथियो। घोड़ाहरू तर्सिएर हिल्लिए, पैदल यात्रीहरू डरले आत्तिए अनि सड़कको छेउतिर घोड़ा मोड्दा एउटा हलुका गाड़ा पुर्लङ्ग पल्टियो। तर ओनेसिमसले ती घाइते भएकाहरूमाथि कुनै ध्यानै दिएन। बेतोड़ले हुँइकिएको रथ र वेगले

सर्पट मारिरहेका घोड़ाहरूतिर ऊ एकोहोरो आँखा तन्काइरहेको थियो। यी मानिसहरू ऊ पर रोमदेखि नयाँ, देवतासरह महिमित राजा नेरोकै उपस्थितिबाट आएका थिए। एकदिन ऊ रोम जानेथियो।

बाटैबाटोभरिका पौवाहरू खचाखच थिए; फिलेमोन र अर्खिपस खचाखच भएको, मैला बस्ने ठाउँ र सरापिरहेका, रडाको मच्चाइरहेका यात्रीहरूका जमातहरूको बारेमा खुलामखुला फतफताए; किनभने तिनीहरूले उनीहरूलाई रातभरि सुत्न दिएनन्। ओनेसिमस र अरू दासहरूले त्यसभन्दा अलि राम्रो मौका पाए; किनभने ताराहरूमन्तिर घोड़ाहरूसँग उनीहरू बाहिर सुते। यस दक्षिणी बेंसीमा बसन्तका रातहरू न्याना थिए, अनि हावा मधुरो थियो। भीड़भाड़को यस यात्राको हर पलमा यसका घच्चा-घच्ची घुँइचा, झड़प र ठट्टाहरूसँग ओनेसिमसले मज्जा लियो। तर मध्यदिनमा जब तिनीहरूले खाना तयार गरे, अनि उसका मालिक आराम गर्दैथिए, तब ऊ र अर्खिपस पटेरमा पसेर नदीमा नुहाए।

एन्टिओकमा मियन्डर नामक नदीमाथिका छओटा तोरणद्वार भएको सुन्दर पुल पार गरेर उनीहरूले एफेससतिर लाग्ने उत्तरी सड़क पक्रे। उनीहरू अब समुद्री किनारदेखि टाढ़ा थिएनन्; बेंसीका दुवैतर्फका पहाड़हरू साना हुँदै आए र एउटा उर्वर फाँटमा फराकिँदै गए। चट्टान, देवदारु र राइसल्लाहरू हटे। तिनको सट्टामा कलिलो गहुँ, सिमी-बारीहरू र नेभाराका बगैंचाहरू थिए। यो एक न्यानो, निद्रालु, मगमग बास्नाले भरिएका देश थियो; थकित तिर्थ-यात्रीहरू त्यस रात सखारै सुत्न गए; किनकि भोलि चौथो दिनको बिहानीमा तिनीहरू एफेसस पुग्नेथिए।

ओनेसिमस झिसमिसे हुनुभन्दा निक्कै अघि नै उठेर घोड़ाहरूको चाकरी गरेर काठी कसिसकेको थियो। अन्य दासहरूले आफ्ना आँखाहरू खोल्नुभन्दा पहिल्यै उसले वाहनलाई सफा गरिसकेको थियो। ऊ अत्याधिक उत्तेजित थियो; किनभने आज उसले आफ्ना स्वप्नहरूको शहर नियाल्नेथियो। एफेससमा पुगेपछि उसका मालिक थकाइ मार्नेथिए, र त्यसै दिन साँझमा उनीहरू आर्टेमिसको मन्दिर घुम्नेथिए। ग्रीकहरूले आर्टेमिसलाई डायाना, जीवन र धनधान्यकी माता भन्थे। आज साँझ उसले तिनलाई देख्नेथियो, जसको विषयमा मानिसहरू टक्क सास रोकेर कुरा गर्थे। उसले केचाहिँ देख्ने आशा गर्‍यो ? उसलाई थाहा थिएन। तर पक्कै

भरे उसले सिद्ध सुन्दरता, त्यस आशिषको स्रोतलाई देख्नेथियो, जसबाट उसले सोच्न सक्ने वा हालसम्म जान्न सक्ने सारा जीवन र सुन्दरता बगेर निस्कन्छन्, जस्तै आफ्ना पाउतिरका फूलहरू, उसका पछिल्तिरका पूर्वी पहाड़हरूमाथि प्रकट हुँदै गरेको प्रभात, बसन्तको मन्द सुवास र एउटा बालकको मुहार। भरे उसले थाहा पाउनेथियो अनि बुझ्नेथियो।